मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ९६ | २०७९ साल फाल्गुन १ गते सोमबार | Monday 13, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# सम्झौता हुननसकेका विकास योजनाहरु रोक्का

## प्रतिपक्षी भन्छन् नियत राखेर योजना रोकियो, सरकार भन्छ आर्थिक संकुचन भयो

*योजनाहरु रोकिनुका पछाडिको प्रमुख कारण भने अधिल्ला वर्षका कामको भुक्तानी तथा बहुवर्षिय योजनाका लागि बजेट अभाव मानिन्छ। भौतिक विकास मन्त्रालयको मात्र गतवर्षका योजनाहरुको ३४ करोड भुक्तानी गर्न बाँकी छ।*

एसके कर्ण
जनकपुरधाम, २९ माघ।
चालु आर्थिक वर्ष २०७९/८० विनियोजित बजेट मध्येका सम्झौता हुन र सम्झौता भएपनि कार्यान्वयन हुन नसकेका विकास निर्माण सहितका योजनाहरु मधेश प्रदेश सरकारले रोक्क गर्ने निर्णय गरेको छ।




आर्थिक गतिविधिमा संकुचन आएको, राजश्व संकलन हुननसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकममा प्रभाव पर्ने बताउँदै योजनाहरु कटौती गरेको अर्थ मन्त्रालयको भनाई छ । मन्त्रालयले प्रदेश सरकारका मन्त्रालय तथा मातहतका कार्यालयहरुलाई आर्थिक खर्च कटौती गर्ने नीति अर्न्तगत विभिन्न शीर्षकमा खर्च कटौती सहित विकास निर्माण योजनाहरु रोक्का गर्न निर्देशन दिएको छ।

अर्थ मन्त्रालयले समाजमा प्रभाव पार्न नसक्ने फुटकर योजनाहरु, विकास निर्माणसँग सम्बन्धित कार्यदेश भई सम्झौता हुननसकेका र सम्झौता भएपनि कार्यान्वयनमा आउन नसकेका योजनाहरु रोक्का गर्न त्यस्ता योजनाहरुको विवरण विवरण मन्त्रालयहरुसँग माग गरेको छ।

माघ २३ गते सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न तथा प्रदेश सरकारको वित्त सन्तुलन कायम गर्न, प्रदेश संचित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा खर्च कटौती तथा योजनाहरु रोक्का गर्ने भन्दै मन्त्रिस्तरीय निर्णय गरिएको थियो । अर्थ मन्त्रालयले वित्त सन्तुलनका लागि योजनाहरु रोक्का गरिएको भनेपनि यसबारे प्रमुख कारण अर्के रहेको जानकारहरु बताउँछन् । श्रोतका अनुसार सम्बन्धित मन्त्रालय तथा कार्यालयहरुले गत वर्ष भएका कामको भुक्तानी दिन तथा बहुवर्षिय योजनामा बजेट आभावको कारण योजनाहरु रोक्का गरिएको हो।

भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव कृष्णकुमार मिश्र गत वर्षको योजनाहरु छुट भुक्तानी दिन र बहुवर्षिय योजनामा अपुग बजेट पूर्तिगर्ने उद्देश्यले अर्थमन्त्रालयले सम्झौता हुन नसकेका र सम्झौता भएपनि संचालनमा आउन नसकेका योजनाहरु रोक्का गर्न भन्दै त्यस्ता योजनाहरुको विवरण माग गरेको बताए । उनका अनुसार भौतिक विकासको मन्त्रालयको मात्र गतवर्षको छुट भएका योजनाहरुको ३४ करोड भुक्तानी गर्न बाँकी रहेको छ । अर्थको पछिल्लो नीतिका कारण सम्झौता हुन नसकेका र कार्यान्वयनमा आउन नसकेका सहितका करीब ५० करोड बराबरका योजनाहरु भौतिक पुर्वाधार विकास मन्त्रालय परेका छन् । जसमा पूर्वाधार विकास कार्यालय धनुषाको मात्रै ८/१० करोड रुपैया बराबरको ४४/४५ वटा योजनाहरु रोक्का हुने स्थिति छ।

पुर्वाधार विकास कार्यालय धनुषाका प्रमुख राजेशलाल कर्णका अनुसार गत साता मन्त्रालयको बैठकमा गत वर्षको योजनाको छुट रकम भुक्तानी र बहुवर्षिय योजनामा रकम अपुग भएकाले सम्झौता हुन नसकेका र सम्झौता भएपनि कार्यान्वयनमा नआएका योजनाहरु तत्काल रोक्का गर्न निर्देशन दिदैं विवरण माग गरिएको छ।

अर्थमन्त्रालयद्वारा विकास निर्माणका योजनाहरु रोक्का गरिएकोमा चौतर्फी विरोध हुन थालेको छ । पुर्व मन्त्री रामसरोज यादवले भन्छन् 'विनियोजित भइसकेको बजेटका योजनाहरु रोक्का गर्नु गर्ने काम गलत हो । यसले सरकारको नियतमामाथि प्रश्न खडा गरेको छ ।' यादवका अनुसार यसअघि पनि योजनाहरुको रकम बाँकी हुन गएपछि कानून बनाएर नै रकम भुक्तानी गरिएको थियो । योजना रोक्का गरेर छुट योजनाको रकम भुक्तानी गर्न सकिन्छ भन्ने सोच नै प्रदेश सरकारको गलत भएको उनले बताए । यादव सरकारले खर्च नै कटौती गर्ने हो भने सरकारका पदाधिकारीहरुले लिंदै आएको सेवा सुविधा समाजमा खासै असर पार्न नसक्ने स्वच्छता अभियान अन्तर्गत पोखरीहरुको सौन्दर्यकरण, साइकल र ल्यापटप बाँडने योजनाहरु रोक्का गर्नुपर्ने धारणा राख्दछन् ।

प्रमुख प्रतिपक्षी कांग्रेसका सांसद शेषनारायण यादवले प्रदेश सरकारले विकास निर्माणसँग सम्बन्धित योजनाहरु रोक्का गर्नु गलत भएको बताए । 'बजेट अभाव भयो भने राज्यले त्यसको व्यवस्थापन गर्नुपर्छ न कि विनियोजित बजेटको योजना रोक्का

- बाँकी पृष्ठ ६ मा

# निजी अस्पताल विरुद्ध सरकार निर्मम हुन्छ : मुख्यमन्त्री यादव

*संघीयताको भावना स्वास्थ्य क्षेत्रबाट प्रतिबिम्बित हुने बताउँदै मुख्यमन्त्री भन्छन् – स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदेश सरकार जस्तोसुकै कदम चाल्न तयार छ।*



मधेशदृष्टि
जनकपुरधाम,२९ माघ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले निजी अस्पतालहरुमा हुने ठगी तथा गलत क्रियाकलाप विरुद्ध सरकार निर्मम हुने बताएका छन् । सामाजिक विकास मन्त्रालयको अर्धवार्षिक समीक्षा कार्यक्रमलाई जनकपुरधाममा सम्बोधन गर्दै यादवले सबै प्रादेशिक अस्ततालको स्तर बढाएपछि निजी अस्पतालहरु विरुद्ध कदम चाल्ने जानकारी दिए । ' सबै प्रादेशिक अस्पतालहरूलाई २ सय शैंयाको अस्पतालको रुपमा रूपान्तरण गरिने छ ' यादवले भने 'सरकारी अस्पतालको सेवामा सुधार गरेपछि नीजि अस्पतालमा हुने ठगी तथा गलत क्रियाकलापविरुद्ध प्रदेश सरकार निर्मम हुने छ ।' संघीयताको भावना स्वास्थ्य क्षेत्रबाट नै प्रतिबिम्बित हुने गरेको चर्चा गर्दै यादवले भने 'स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदेश सरकार जस्तोसुकै कदम चाल्न पनि तयार छ।' यादवले चिकित्सकहरुलाई निर्भिक भएर जनताको उपचारमा लाग्न आग्रह गर्दै चिकित्सकहरूले जनताको भावनाको सम्मान गरेर गुणस्तरीय सेवा दिनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा सामाजिक विकासमन्त्री सुरिता कुमारी साहले मधेश प्रदेशमा जनसंख्या, गरिबी, अशिक्षा बढी भएको तर स्वास्थ्य पूर्वाधारको अवस्था कमजोर भएकाले सेवामा सुधारका लागि सबै प्रकारका सहयोग गर्न मन्त्रालय तत्पर रहेको बताए। मधेश प्रदेशका सामाजिक विकास राज्यमन्त्री शेख अब्दुल कलाम आजादले स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक भएको बताए । सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मी प्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा संचालन भएको थियो ।

## दाजुभाइ पक्ष विपक्षमा

# पेट्रोलियम डिलर्स एशोसिएसनमा विवाद

*लामोसमयदेखि अध्यक्ष रहेका विष्णुदेवमाथि लेवी उठेको झण्डै एक करोड रुपैयाँको हरहिसाब सार्वजनिक नगरेको, पेट्रोलियम डिलर नै नभएकाहरुलाई सदस्यता दिएको लगायतका आरोप छन्*

मधेशदृष्टि
जनकपुरधाम,२९ माघ।
नयाँ कार्यसमिति चयनमा दाजुभाइ पक्षविपक्ष भएपछि पेट्रोलियम डिलर्स एशोसिएसन जनकपुरधामको १५औं अधिवेशन विवादीत बनेको छ । शनिबार बेलुकी अबेरसम्म चलेको अधिवेशनमा अध्यक्ष विष्णुदेव साह र अध्यक्षका दाबेदार किशुनदेव साह पक्षबीच विवाद भएको हो । अध्यक्ष दाबेदारहरु सहोदर दाजुभाइ हुन् । नयाँ कार्यसमितिको लागि शनिबार निर्वाचन गर्ने भनिएको थियो । बन्द सत्रमा विष्णुदेवले हाउसकै समर्थन आफूलाई रहेको दावी गर्दै एकवर्ष कार्यकाल थप गराएपछि विवाद उठेको हो ।



निर्वाचन समितिका अधिकृत राजनप्रसाद दाहालका अनुसार बन्द सत्रमा हाउसको समर्थनमा अध्यक्ष विष्णुदेव नेतृत्वको समितिको कार्यकाल एक वर्ष थप भएको घोषणा गरेपछि उनलाई किशुनदेव पक्षले घेराबन्दी गर्दै प्रश्न गरेका थिए ।विवादबीच प्रहरीले उनलाई सुरक्षित निकालेको दाहालले बताए । किशुनदेव पक्षले पत्रकार सम्मेलन गरेर विष्णुदेवले गैरकानुनी तरिकाले मनोमानी गरेर समय थपेकाले नमान्ने बताएको छ । 'विष्णुदेवले निर्वाचन समितिलाई आफ्नो प्रभावमा पारेर थप एक वर्षको कार्यकाल पुनः हाउसकै समर्थन रहेको दावी गर्नुभयो । जबकी हाउसमा समर्थनमा भन्दा बढी त्यसको विरोध भयो । जव हामी यो षियको पत्रकार सम्मेलन गरी पर्दाफास गर्छौ भन्यौ, तब उनीहरु सबै भागे । हामी यो विरुद्ध सम्बन्धित निकायमा जान्छौ' किशुनदेवले भने । विष्णुदेव लामोसमयदेखि अध्यक्ष रहँदा लेवी उठेको झण्डै एक करोड रुपैयाँको हरहिसाब सार्वजनिक नगरेर अनियमितता गरेको, प्रट्रोलियम डिलर नै नभएका १३ जनालाई मनोमानी सदस्यता दिएको लगायतको आरोप किशुनदेवले लगाएका छन्। यता अध्यक्ष विष्णुदेवले आफूमाथि किशुनदेवले लगाएको आरोपमा सत्यता नरहेको दावी गरे ।

'मलाई हाउसले नै पुनः एकवर्षको कार्यकाल थप गरेको छ। निर्वाचन समितिले नै लेखेर दिएको छ । त्यसैले यो वैद्य हो', उनले थपे, 'मैले संस्थाको हिसाब किताब एकएक गरी राखेको छु । पारदर्शी नगरेको भनेको कुरा पनि गलत हो ।'




# सिरहा सुपरमार्केटको गोदाममा आगलागी, करोडौंको क्षति



मुकेश कुमार यादव
सिरहा, २९ माघ ।
सिरहाको गोलबजारस्थित सिरहा सुपरमार्केट प्रा.लि.द्वारा सञ्चालित एवीमलको गोदाममा आगलागी हुँदा करोडौंको क्षति भएको छ ।
गोलबजार नगरपालिका ४ मा रहेको सो मलको गोदाममा आइतवार अपरान्ह विद्युत सर्किट सर्टभएर आगलागी हुँदा खाद्यान्न, कपडा, इलेक्ट्रोनिक्स, फर्निचर, किचेन सहितका पाँच करोड ५० लाखभन्दा बढीको सामाग्री जलेर नष्ट भएको जनाइएको छ ।
आगलागीका कारण मलमा बिक्रिका लागि राखिएका सवैभन्दा बढी मूल्यको कपडा, खाद्यान्न सामाग्री, इलेक्ट्रोनिक्स, फर्निचर, किचेनका सामाग्री, एसी मेसीनसहित पाँच करोड ५० लाखभन्दा बढीको सामाग्री काम नलाग्ने भएको मलका प्रमुख कार्यकारी अधिकृत पीन्टु राउतले बताएका छन् ।
उनले जनकपुर, मिर्चैयाका र गोलबजारको मलमा बिक्रिको लागि ल्याइएका सामाग्री काम नलाग्ने गरी जल्नुका साथै कार्यालय प्रायोजनका लागि रहेका सर्भर कम्प्यूटर, सीसी क्यामेरा लगायतका सामान समेत जलेर नष्ट भएको बताए ।
आगलागीका कारण गोदाम रहेको भवनमा समेत क्षति पुगेको छ । उनले गोदाममा रहेका सामाग्रीको प्रारम्भिक विवरण अनुसार करीब साढे ५ करोड मूल्य बराबरको सामान जलेर नष्ट भएको छ । सामानहरुको विवरण अझै आउन बांकी रहेकाले यो क्षति रकम बढन पनि सक्ने उनले बताए । आगो नियन्त्रणमा आएपनि क्षतिको विवरण तत्काल भन्न नसकिने इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर राजु केसीले बताए ।
पटक पटकको प्रयासपछि आगो भर्खर नियन्त्रण भएको बताउँदै इन्सपेक्टर केसीले क्षतिको विवरण संकलन कार्यभईरहेको छ अहिले कतिको क्षति भएको हो भन्ने कुरा बताउन सकिदैन । स्थानीय, गोलबजार नगरपालिका, सिरहा नगरपालिका र लहान नगरपालिकाको दमकल सहित स्थानीयको ३ घण्टा मेहनत पश्चात आगो नियन्त्रणमा आएको थियो ।

# नागरिक समाजले बुझायो प्रजिअ दाहाललाई ६ बुँदे ध्यानाकर्षण



मधेशदृष्टि
जनकपुरधाम, २९ माघ । जनकपुरधाम नागरिक समाजले भ्रष्टाचार विरुद्ध विभिन्न ६ सुत्रीय मागसहित धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई ध्यानाकर्षण पत्र बुझाएको छ । जनकपुरधाम नागरिक समाजका अध्यक्ष मुरली मनोहर मिश्रको नेतृत्वमा पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी दाहाललाई ध्यानाकर्षण पत्र बुझाएको हो । धार्मिक, सांस्कृतिक एवं सार्वजनिक सम्पत्ति/सम्पदा संरक्षण अभियानका अभियन्तासमेत रहेका मिश्रको नेतृत्वमा पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी दाहालसँग सामूहिक भेटघाट गरी विभिन्न विषयहरूबारे ध्यानाकर्षण गराएको छ ।
उनीहरूले बहुचर्चित एवं बहुप्रतिक्षित जानकी फूलवारी अतिक्रमण प्रतिवेदन-२०७६ लाई प्रभावकारी कार्यान्वयन गर्न माग गर्दै तेल्हा, मरहा पोखरीको संरक्षण तथा सौन्दर्यीकरण गर्नसमेत माग गरेका छन् ।त्यस्तै, देवालय, विद्यालय र चिकित्सालय क्षेत्रमा मांस मदिरा एवं सुर्तिजन्य पदार्थ निषेधित क्षेत्र कायम गर्न जिल्ला प्रशासनको ध्यानाकर्षण गराइएको छ । साथै जानकी मन्दिरभित्र अवरुद्ध रहेको खानेपानीलाई सहज एवं सरल बनाउन, दशरथ मन्दिरलाई अतिक्रमणमुक्त बनाउन र अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टलाई हस्तान्तरण गरिएको 'ताम्रपत्र' फिर्ता सन्दर्भमा पनि प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई ध्यानाकर्षण गराएका हुन् ।

# गरुडाका दुईवटा मावि अनिश्चितकालका लागि बन्द

आरके श्रीवास्तव
गरुडा, २९ माघ ।
रौतहट जिल्लाको मध्य भागमा रहेको दुईवटा माध्यमिक विद्यालय पठनपाठन बन्द अनिश्चितकालका लागि गरिएको छ । नगरपालिकाले लामो समय देखि रोक्का गरेको भन्दै आइतवार ती माध्यमिक विद्यालयहरुले अनिश्चितकालीन रुपमा पठन पाठन बन्द गर्ने निर्णय गरेका छन । रोक्का गरिएको बैंक खाता फुकुवा नभए पेनडाउन गर्ने चेतावनी समेत तिनीहरुले दिएका हुन । खाता फुकुवा नभएपछि विधालयमा कार्यरत शिक्षक/ कर्मचारीलाई तलब खुवाउन समस्या भएको भन्दै खाता फुकुवा गर्न माग गरिको छ ।
फुकुवा नगरे यही फागुन २ गते देखि पेनडाउन गर्ने शिक्षक कर्मचारीको बैठकले निर्णय गरेका हुन । खाता फुकुवाका लागि नगरप्रमुख कन्थमणी प्रसाद जयसवाललाई पटक पटक अनुरोध गरे पनि सुनुवाइ नभए पछि पेनडाउन गर्नु परेको माध्यमिक विधालय गरुडाका प्रधानाध्यापक प्रभु पटेलले बताए ।
आइतवार यस सम्बन्धमा नगर प्रमुख जयसवाललाइ ज्ञापनपत्र बुझाइएको श्री मावि श्रीपुरका प्रधानाध्यापक रामआधार पासवानले जानकारी दिएका हुन् । खाता फुकुवा नहुँदा भोग्दै आएको समस्यालाई लिएर शिक्षक/ कर्मचारीको बैठकबाट वाध्य भई पेनडाउन गर्ने निर्णय गर्नु परेको उनले बताए ।यसै बिच माध्यमिक विधालय गरुडामा कार्यरत शिक्षक/ कर्मचारीको आईतबार बसेको बैठकले समेत पेनडाउन गर्ने निर्णय गरेको प्रधानाध्यापक प्रभु पटेलले बताएका छन । नगरपालिकालाई बझाईएको ज्ञापन पत्रको ब्यहोरा जिल्ला प्रशासन कार्यालय रौतहट लगायतका सुरक्षा निकायलाई पहलका लागि सम्बन्धित विधालयले बोधार्थ समेत गरेका छन् ।

# आज जनयुद्ध दिवस मनाइदै



मधेशदृष्टि
जनकपुरधाम, २९ माघ । मधेस प्रदेश सरकारले सोमबार जनयुद्ध दिवस मनाउन भएको छ ।
मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय मातहत रहेको मधेशी शहीद प्रतिष्ठानले प्रत्येक वर्ष झै यसवर्ष पनि जनयुद्ध दिवस मनाउन लागेको हो ।
प्रतिष्ठानले सोमबार मधेश भवनस्थित कवर्ड हलमा बिहान साढे १० बजे उपराष्ट्रपति नन्द बहादुर पुनको प्रमुख आतिथ्यमा जनयुद्ध दिवस मनाउन लागेको गृह तथा सञ्चार मन्त्री शत्रुधन प्रसाद सिंहले जानकारी दिए ।
यसैबिच, जनयुद्ध दिवसको अवसरमा मधेस प्रदेश सरकारले सोमबार प्रदेशमा सार्वजनिक बिदासमेत दिएको छ । मधेस प्रदेश सरकारले जनयुद्ध दिवसको अवसरमा फागुन १ गते प्रदेशभरि सार्वजनिक बिदा दिने निर्णय राजपत्रमै प्रकाशित गरिसकेको हो ।
यसअधिका मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारमा गृह तथा सञ्चार मन्त्री भएका भरत प्रसाद साहको प्रयासमा गत वर्ष नै फागुन १ गते जनयुद्ध दिवस मनाउन सार्वजनिक बिदा दिने निर्णय गरिएको थियो ।
गत वर्ष फागुन १ गते पनि मधेस सरकारले जनयुद्ध दिवस मनाउन सार्वजनिक बिदा दिएको थियो भने माओवादीको दशवर्षे जनयुद्धमा सहिद, बेपत्ता भएका परिवार र घाइतेलाई एक/एकलाख रुपैयाँ वितरण गरिएको थियो ।

# मधेश सरकार : सवारी साधनको मर्मतमै १८ करोडभन्दा बढी



मधेशदृष्टि
जनकपुरधाम, २९ माघ । मधेश प्रदेश सरकारले सवारी साधनको मर्मतको नाममा चार वर्षमा १८ करोडभन्दा बढी रकम खर्च गरेको खुलेको छ ।
मधेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्ममा सवारी साधन मर्मत खर्च वापत १८ करोड २० लाख १२ हजार १४३ रुपैयाँ खर्चेको प्रदेश लेखा कार्यालयले जनाएको छ ।
आर्थिक वर्ष २०७५/७६ मा सवारी साधन मर्मत खर्च वापत ३ करोड ३९ लाख २८ हजार २४१, आव २०७६/७७ मा ४ करोड ४ लाख ७७ हजार ६१८, आव २०७७/७८ मा ४ करोड ९२ लाख ६३ हजार ५१२ रुपैयाँ मधेश सरकारले सवारी साधन मर्मत वापत खर्च गरेको छ ।
यस्तै गत आव २०७८/७९ मा ५ करोड ८३ लाख ४२ हजार ७७२ रुपैयाँ सवारी साधन मर्मत वापत खर्चेको प्रदेश लेखा कार्यालयको तथ्यांक छ ।

# बालकलाई बन्धक बनाएर ६ घण्टासम्म निर्घात कुटपिट



मधेशदृष्टि
महोत्तरी, २९ माघ । महोत्तरीमा एक बालकलाई बन्धक बनाई निर्घात कुटपिट गरिएको छ ।
जिल्लाको बर्दिबास नगरपालिका १२ बस्ने १४ बर्षीय इन्द्रजित कुमार महतोलाई खुत्रुकेमा जम्मा गरेको पैसा चोरी गरेको आरोपमा स्थानीयले ६ घण्टा निर्ममतापुर्वक कुटपिट गरेका हुन् ।पीडित परिवारकाअनुसार स्थानीय युवाहरु रन्जित महतो, सन्जित महतो, हरि महतो, रामजन्म महतो, सुशील महतो र रन्जित चौधरीले ६ घण्टासम्म बन्धक बनाएर कुटपिट गरेका थिए ।उनीहरुको कुटपिटबाट बालकको शरिरभरि चोटपटक लागेको छ ।स्थानीय प्रत्यक्षदर्शीका अनुसार इन्द्रजितलाई मोटरसाइकलको पछाडि राखेर घिसार्दै सन्जित महतोको घरमा पुऱ्याएर ६ घण्टासम्म यातना दिएका थिए ।माघ २३ मा भएको उक्त घटना खुलेको हो ।
'मलाइ बाइकमा घिसारेर सन्जित महतोको घरमा पुऱ्याए अनि डोरीले दुवै हात बाधेर झुण्ड्याएर कुटपिट गरे । खुकुरी देखाए, पैतालामा तारले कुटे, मलाई पानीमा मुन्टो डुवाए अनि पैतालामा पनि असहय हुनेगरी पिटे, टाउकोमा पनि औँठी लगाएको हातले जोडले मारे' इन्द्रजितले भने । सो घटनापछि इन्द्रिजितकी आमा कोशिला देविलाई समेत घरमा आएर ती युवाहरुले अभद्र व्यवहार गरेको आरोप छ । कुटपिट गर्ने युवाहरुलाई कडा कारवाही गर्न इन्द्रजितको परिवारले माग गरेको छ ।यता घटनाको भोलिपल्ट नै प्रहरी चौकी हात्तिलेटमा निवेदन दिएपनि प्रहरीले वास्ता नगरेको उनीहरुको आरोप छ ।हात्तिलेट प्रहरी चौकीका इन्चार्ज इन्द्रजित ठाकुरले घटनाको विषयमा जानकारी भएपनि पीडित जाहेरी दिन नआएको बताए । तर पीडित पक्षले प्रहरी चौकीवाट ३ सय दस्तुर लिएर निवेदन दर्ता गरिसकेको दावी गरेको छ ।
यता प्रहरी उपरिक्षक प्रकाश मल्लले घटनाको बिषयमा जानकारी लिएर अनुसन्धान प्रक्रियालाई अगाडि बढाउने बताए ।

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरू ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# संक्षेप समाचार

## चिकित्सक संघको आन्दोलन फिर्ता

मधेशदृष्टि, वीरगंज, २९ माघ।
नेपाल चिकित्सक सङ्घले अस्पतालमा आपत्कालीन बाहेकका सेवा बन्द गर्ने आन्दोलन फिर्ता लिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको वार्तामा नेपाल चिकित्सक सङ्घले अगाडि सारेका आन्दोलनका सबै कार्यक्रम स्थगित गरेर आ-आफ्नो जिम्मेवारी सम्हाल्ने सहमति भएको हो । सहमति भएसँगै बीरगंजको नारायणी अस्पताल लगयात देशभरका अस्पतालहरुको सम्पूर्ण सेवा सुचारु भएको छ।

शुक्रवार राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीका क्रममा ट्रमा सेन्टरका एक चिकित्सकमाथि सुरक्षाकर्मीले हातपात गरेको विरोधमा सङ्घले आज आकस्मिकबाहेक अस्पतालको सेवा सबै ठप्प पारेको थियो । यस सम्बन्धमा वार्ता गर्न सरकारले गठन गरेको टोली र आन्दोलनरत नेपाल चिकित्सक सङ्घको टोलीबीच वार्ता भएको हो।

टोलीबीच घाइते चिकित्सकको उपचार सरकारले गर्ने, विशिष्ट व्यक्तिको सवारीका क्रममा अत्यावश्यक क्षेत्रमा असहजता नहुने गरी विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि २०७७ मा गर्नुपर्ने परिमार्जनका विषयमा एक हप्ताभित्र नेपाल सरकार समक्ष सुझाव पेस गर्ने लगायतका सहमति भएका छन्।

## सडक विभागद्धारा तीन दर्जन ठेक्का सम्झौता रद्द

मधेशदृष्टि, वीरगंज, २९ माघ।
सडक विभागले पटक/पटक म्याद थप गर्दा पनि काममा प्रगति नदेखिएपछि गत र चालु आर्थिक वर्षमा गरी करिब तीन दर्जन ठेक्का सम्झौता तोडेको छ।

म्याद थप गरे पनि ठेकेदारले काम बेवारिस बनाएपछि ठेक्का सम्झौता तोडिएको सडक विभागले जनाएको छ। सबैभन्दा बढी ठेक्का सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटले तोडेको छ । उक्त कार्यालयले चालु आर्थिक वर्षमा १० र गत वर्षको जेठमा ३ वटा ठेक्का तोडेको जनाएको छ।

सबैभन्दा बढी तोडिएका ठेक्का पुलसँग सम्बन्धित छन् । अझै पनि केही ठेक्कामा प्रगति नदेखिएपछि तोड्ने प्रक्रियामा लगिएको सडक विभागका महानिर्देशक अर्जुनजंग थापाले बताए। सडक विभागका सूचना अधिकारी श्याम यादवले गत आर्थिक वर्षमा केही रुग्णसहित ३५ वटा ठेक्का तोडिएको जानकारी दिए । यादवले काम अलपत्र छाडने ठेकेदार कम्पनिसँग बाँकी काम सम्पन्न गराउनका लागि पनि रकम असुल गरिने बताए।

## व्यवसायी गौतम वीरगंजमा मृत अवस्थामा भेटिए

मधेशदृष्टि, वीरगंज, २९ माघ।
पोखराका व्यवसायी बलराम गौतम शनिबार बिहान मृतावस्थामा भेटिएका छन् । माघ २ गते घरबाट निस्केका उनी वीरगन्जमा मृतावस्थामा भेटिएका हुन्।

केही दिनअघि घरबाट निस्केर हिँडेका उनी भारत रहेको परिवारलाई जानकारी दिएका थिए । शनिबार बिहान साढे ५ बजेतिर वीरगन्ज बसपार्कसँगैको पार्कमा उनी आएको सिसिटिभी फुटेजबाट देखिएको प्रहरीले जनाएको छ । उनी कुर्सीमा बसेर चिया पिएको देखिएको र त्यसलत्तै बसेकै ठाउँमा उनको टाउको झुकेको देखिएकाले हृदयाघातको अनुमान गरिएको छ।

उनको शव पोस्टमार्टम गरेर शनिबार राति नै पोखरा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। आइतबार पोखरा स्थित तुलसीघाटमा उनको अन्त्येष्टि गरिएको परिवारजनले जनाएका छन् । सहकारी संघ पोखराका अध्यक्ष समेत रहेका व्यवसायी गौतम नेकपा एमाले गण्डकी प्रदेशका सदस्य हुन्। उनी पृथ्वीनारायण क्याम्पसका पूर्वप्राध्यापक पनि हुन्। कास्की पुरनचौरका गौतम पत्नी गीता र ३ छोरीसहित पोखरा गैरापाटनमा बस्दै आएका थिए।

## रुपनीको गाउंसभा तथा प्रथम हिउदै अधिवेसन सम्पन्न



विनय कर्ण , सप्तरी,२९ माघ।
सप्तरीको रुपनी गाउँपालिकाले आईतवार दोश्रो गाउँसभा तथा प्रथम हिउँदे अधिवेशन सम्पन्न गरेको छ।

सभामा उपाध्यक्ष पुष्पाकुमारी श्रेष्ठ लौगीले संशोधित नीति तथा कार्यक्रम प्रस्तुत गरिन्।

नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, सडक निर्माण र अधुरो विकासिय योजना पुरा गर्नमा जोड दिएको छ।

प्रमुख प्रशासकीय अधिकृत अरविन्द कुमार चौधरीले अबको ५ महिनामा ९७ प्रतिशत बजेट खर्चिनु चुनौतीपूर्ण रहेको बताए । अहिलेसम्ममा ३ प्रतिशत बजेट मात्र खर्च भएको जानकारी दिदै उनले योजना अनुसारका काम तिब्ररुपमा अगाडी बढाएर समयमै काम सकिने विश्वास व्यक्त गरे।

गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवको अध्यक्षतामा आयोजित सभामा प्रस्तुत नीति तथा कार्यक्रम माथि छलफल गर्न ३३ जना सभा सदस्यहरुले भाग लिएका छन्।

# डाक्नेश्वरीमा १३ दिने अन्तर्राष्ट्रिय अश्वमेघ महायज्ञ हुने



विनय कर्ण
सप्तरी, २९ माघ । सप्तरीको डाक्नेश्वरी नगरपालिका ५ स्थित पातोमा रामचरित्र मानस अन्तर्राष्ट्रिय अश्वमेघ महायज्ञ हुने भएको छ।

महायज्ञ आयोजक समितिले आइतबार राजविराजमा पत्रकार सम्मेलन गरि चैत २ गते देखि १२ गतेसम्म महायज्ञ हुने जानकारी दिएको हो।

महायज्ञमा नेपाल तथा भारतका गरि लाखौंको संख्यामा भक्तजनहरुको उपस्थिति हुने आयोजक समितिका अध्यक्ष ओम प्रकाश यादवले बताए । उनले धर्म निरपेक्षताको खारेजी र हिन्दु राष्ट्र नेपाल कायम गराउने संदेश महायज्ञले प्रबाह गर्ने दावी गरे।

महायज्ञमा १ सय ५१ मुर्ति लिला, बृन्दावन अयोध्याधाम एवं नेपालका प्रसिद्ध संतका दर्शन, प्रत्येक दिन साँझ ६ बजेदेखि इलेक्ट्रोनिक माध्यमबाट राम लिला, झाँकी प्रदर्शन गरिने, दैनिक ३ बजेसम्म धार्मिक प्रबचन, प्रत्येक दिन १ बजे देखि राती १० बजेसम्म गौतम राशलिला लगायतका विभिन्न कार्यक्रमहरु हुने आयोजकले जनाएको छ।

महायज्ञमा डा. मानस मधुकर, गौतम राशलिल, यज्ञाचार्य पं. श्री सुभाष मिश्र, सः यज्ञाचार्य पं. श्री अशोक मिश्र, मूर्तिकला कार श्री राजेश पंडित लगायतकाले प्रवचन दिने छन् । महायज्ञमा अनुमानित रु सत्तरी लाख खर्च हुने र सो खर्च चन्दा संकलनबाट जुटाउने आयोजक समितिका सचिव रामचन्द्र मंडलले जानकारी दिए।

पत्रकार सम्मेलनमा देवदास निर्माण छुट गुठी कटपुतल जानकी मन्दिर रामरतन दास, जनकपुर धामका महन्थ रामतपेश्वर दास, मानवीर रजक, सकलदेव यादव सहितको उपस्थिति थियो।

# गुजरामा व्यापारी, सेवा प्रदायक र किसानबीच अन्तरक्रिया

आरके श्रीवास्तव
गरुडा, २९ माघ । रौतहट जिल्लाको गरजरा नगरपालिकामा व्यापारी,सेवा प्रदायक र किसान बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आइतवार नगरपालिकाको वडा नम्बर ७ मा एक दिने अन्तरक्रिया कार्यक्रम राखिएको थियो । ग्रामीण उधम तथा विप्रेषण आयोजना (समृद्धि ) जनकपुर कोरिडोर कार्यालय जनकपुरधामको आयोजनामा तरकारी आपूर्ति श्रृखला सम्बद्ध व्यापारी,सेवा प्रदायक र किसान बिच व्यापार विस्तार रसमन्वयका लागि अन्तरक्रिया गरिएको थियो समुहकी अध्यक्ष रंजीता देवी चौधरीको अध्यक्षतामा कार्यक्रम गरिएको थियो।

कार्यक्रमको मुख्य उदेश्य समूहहरू द्वारा उत्पादन गरिएका हरियो तरकारीहरूलाई सामुहिक बजारीकरण मार्फत बिक्री गर्नु रहेको छ । साथै समुहहरूलाई वार्षिक तरकारी उत्पादन योजना ,बेमौसमी तरकारी खेती गर्ने प्रक्रिया, गुणस्तरीय विउविजन र यसका फाईदा बारे समेत सेवा प्रदायक,व्यापारीहरुलाइ शेख नमरेज आलम द्वारा जानकारी गराईएको थियो।

यो कार्यक्रम मिति २०७९




फाल्गुन १,२ र ३ गते जिल्लाको गरूडा नगरपालिका, राजपुर नपा र यमुनामाई गाउँपालिकामा समेत रहेका तरकारी समुह बिच गरिने आयोजनाका कर्मचारी विष्णुदेव झा र अकिल अहमद अंसारीले जानकारी गराएका छन।

गुजरा नगरपालिका वडा नम्बर ७ र ८ मा रहेको जानकी महिला कृषक समूह र श्री लक्ष्मी महिला कृषक समुहमा आबद्ध किसानहरुको सहभागिता रहेको थियो । जानकी महिला कृषक

# सहायक बन अधिकृत साहको सफलता
# भरुवा बन्दुक सहित ४ शिकारी पक्राउ





मधेसदृष्टि
रौतहट २९ माघ। डिभिजन बन कार्यालय रौतहट देखि मातहतका विभिन्न पोस्टका प्रमुखको रूपमा रहेर चौतर्फी नाम कमाएका राजेश कुमार साह लाई सप्तरी गएको सानो अवधी भित्रै ठुलो उपलब्धि मिलेको छ।

डिभिजन बन कार्यालय रौतहट बाट २ महिना अधिमात्र सरुवा भएर सप्तरी आएका साहको कमाण्डमा खटेको सप्तरी स्थित बन गस्तिटोलिले एकथान अबैध भरुवा बन्दुक सहित ४ जना सिकारीलाई पक्राउ गरेको छ। कंचनपुर सब डिभिजन बन कार्यालयका सहायक प्रमुख राजेश कुमार साहको कमान्डमा गएको सशस्त्र बन गस्ती टोलिले शनिवार राती १२ बजे उक्त भरुवा बन्दुक सहित चारैजना सिकारी लाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा कंचनपुर नगरपालिका १२ का २६ बर्षिय भोला श्रेष्ठ ,सोही ठाउँमा ३६ का प्रकाश श्रेष्ठ ,३१ का दुर्गा नारायण श्रेष्ठ र उदयपुर त्रीयुगा नगरपालिका १० का २८ बर्षिय प्रहलाद राई रहेको सहायक प्रमुख साहले बताएका छन । केही सिकारीहरु कंचनपुर स्थित जंगलमा चोरिसिकारी गर्न पसेको भनी सनिवार साँझ प्राप्त सूचना को आधारमा गस्ती गर्दैजांदा गएराती बनक्षेत्र बाट उनिहरु पक्राउ परेका थिए।

उनीहरुको साथ बाट एकथान भरुवा बन्दुक तथा त्यसमा गोलिकोरुपमा प्रयोग हुने बारुद तथा छर्राहरु बरामद भएको सहायक बन अधिकृत राजेश साहले बताएका छन।

पक्राउ परेका चारैजनालाई भरुवा बन्दुक तथा बरामद अन्य सामान सहित आवश्यक कार्वाही को लागि ईलाका प्रहरी कार्यालय कंचनपुरमा बुझाईएको बन कार्यालयले जनाएको छ। सहायक अधिकृत साहकै नेतृत्वको गस्ती टोलिले समातेको ९ जना काठ तस्कर माथि बन मुदा सप्तरि जिल्ला अदलतमा दायर भएको छ।

राजेश साह रौतहट स्थित चोंचा सब डिभिजन बन ,धन्सार सब डिभिजन तथा डिभिजन बन कार्यालय चन्द्रनिगाहपुरमा गरि अढाई बर्ष बसेका थिए ।सो अवधिमा राजेशको कमान्डको टोलिले पटकपटक गरि ६५० क्युफिट सालको काठ,१ थान ट्याक्टर ,१ थान पिकअप भ्यान,७ थान मोटरसाइकल तथा कठ तस्करीमा प्रयोग भएको सैयौं साईकल बरामद गरेको थियो।

त्यसैगरी उनले ३८ जना तस्कर पक्राउ गरि कानुनी कार्वाहीको दायरामा ल्याएका थिए।

उनि चोंचा प्रमुखको जिम्मेवारीमा रहंदा प्रायः सबै पर्व त्योहारको बिदामा अन्य कर्मचारी घर गएको समय आफै अहोरात्र खटेर बन गस्ती गर्ने गरेकाले तस्कर माझ खैलाबैला मचेको थियो।

बन तस्करी न्युन भएको थियो उनको सरुवा संगै चोंचा तथा धन्सार सब डिभिजन बन क्षेत्रमा व्यापक काठ तस्करी सुरुभएको स्थानीय प्रत्येक्षदर्सिहरुले बताएका छन।

# एन-प्याबसनको नगर कमिटी अध्यक्षमा ठाकुर



मधेशदृष्टि
जनकपुरधाम, २९ माघ । निजी विद्यालयहरूको छाता संगठन एन-प्याबसनको जनकपुरधाम नगर कमिटीको अध्यक्षमा दिपककुमार ठाकुरलाई चयन गरिएको छ।

आइतबार जनकपुरधाममा बसेको नगर कमिटीको बहुमत सदस्यहरूको बैठकले ठाकुरलाई अध्यक्षको जिम्मेवारी दिइएको हो ।कमिटीको उपाध्यक्षमा विनोद दास, सचिवमा शिवशंकर मिश्र, सह-सचिवमा गौरी यादव, कोषाध्यक्षमा रविशंकर विच्छा, सह-कोषाध्यक्षमा शंकर कुमार यादव र सदस्यमा अर्चना झालाई चयन गरिएको छ। यसअघिका नगर अध्यक्ष देवनाथ पाण्डेयले नगर कमिटी गठन भएको मितिदेखि हालसम्म एउटा पनि बैठक गर्न नसकेको र नगरभित्र नगर कमिटीलाई कुनै जानकारी नगराई आफूखुसी नगर कमिटीको क्रियाकलाप सञ्चालन गरेकोले बाध्य भएर बहुमत सदस्यहरूको उपस्थितीमा पाण्डेयलाई अध्यक्षको जिम्मेवारीबाट मुक्त गरिएको हो।

# गढिमाईमा भव्यरुपमा फागु बैरिया मेला महोत्सवको आयोजना गर्ने तयारी

आरके श्रीवास्तव
गरुडा,२९ माघ । रौतहटको गढिमाइमा फागुन १९ गते फागु बैरिया मेला महोत्सव २०७९ लाई भव्य बनाउने तयारी थालिएको छ । गढिमाइ नगरपालिकाले आइतवार समनपुर स्थित नगरपालिकाको सभाहलमा पत्रकार सम्मेलन गर्दै महोत्सव बारे जानकारी दिएको हो।

नेपाल र अंग्रेज बीच भएको युद्धमा ब्रिटिश सेनाहरुलाई लखेटेर युद्धमाथी विजयी प्राप्त गरी ठूलो इतिहास बोकेको एतीहासिक धर्ती रौतहटको समनपुरमा आउँदो फागुन १९ गतेदेखि २३ गतेसम्म फागु बैरिया मेला महोत्सवको आयोजना हुने भएको छ । महोत्सवमा नेपाल र भारतका प्रख्यात कलाकारहरुले सांस्कृतिक प्रस्तुति रह्ने गढीमाई नगर प्रमुख श्याम प्रसाद यादवले जानकारी दिएका हुन् । फागु बैरिया मेला महोत्सवलाई भव्य बनाउने तयारी नगरपालिकाले गरेको यादवले जानकारी दिए । वि.स.२०७३ सालमा स्थापना भएको गढिमाइ नगरपालिकामा नेपालको दोस्रो ठूलो गढिमाइ मन्दिर यही पर्दछ। सोही धार्मिक स्थलको नाम बाट नगरपालिकाको नाम गढिमाइ नगरपालिका राखिएको छ । नगरपालिकाको केन्द्र रौतहटकै पुरानो र नेपाल-अंग्रेज युद्ध भएको युद्धस्थल समनपुर बजारमा रहेको छ।

जसको एतिहासिक नाम लडैया समनपुर रहेको छ । नेपाल-अंग्रेज युद्ध भएको युद्धस्थलमा रहेको किल्ला र युद्धमा प्रयोग भएको हातहतियारहरु अहिले पनि यस ठाउँमा भेटिने गरेकोले पनि यस नगरपालिकाको आफनै एतिहासिक विशेषता रहेको छ।

हरेक पाँच वर्षमा गढिमाइ मेला पनि लाग्ने गर्दछ । जसमा लाखौं धार्मिक पर्यटकहरुको घुँइचो लाग्ने गर्दछ ।




गढिमाइ नगरपालिकाले ब्रिटिस फौजलाइ पराजित गरेको अवसर पारेर समनपुरमा हरेक वर्ष फागु पूर्णिमाको दिन मेला लाग्ने गर्दछ । एक साता सम्म सञ्चालन हुने ऐतिहासिक फागु बैरिया मेलाबाट स्थानिय कला,साहित्य,संस्कृति,पर्यटन र एतिहासिकताको प्रर्वदन गर्ने नगरपालिकाको लक्षय रहेको छ । नेपालीहरुले ब्रिटिस सेनालाइ समनपुरबाट लखेटेको एतिहासिक दिनको सम्झना गराउनु,नेपालकै गौरवशाली इतिहासको संरक्षण र प्रचार गर्नु,स्थानिय उत्पादहरुको प्रवर्द्धन गर्नु,स्थानिय संस्कृतिको संरक्षण गर्दै प्रचारप्रसार गर्नु,स्थानिय खानाको प्रवर्द्धन गर्नु,स्थानिय व्यवसायको विकास गर्नु मेलाको उदेश्य रहेको गढिमाइ नगरपालिकाका नगर प्रवक्ता एवम् वडा नम्बर २ का वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठले पत्रकार सम्मेलन मार्फत जानकारी गराउनु भयो । मेलामा विभिन्न झाँकी तथा प्रर्दशनीहरु,विभिन्न व्यवसायिक स्टलहरु,सांगितीक तथा सास्कृतिक कार्यक्रमहरु,व्यापार,व्यवसाय,स्थानिय खानाका विविध परिकारहरुको प्रर्दशनी तथा बिक्रि आदि आयोजना गरिने उनले बताए।

एतिहासिक,सांस्कृति र पर्यटकिय सम्भावना बोकेको मेलामा लाखौं अवलोकनकर्ताको सहभागिता हुनेमा आयोजक गढिमाइ नगरपालिकाले अपेक्षा गरिएको छ।

मेलालाइ थप व्यवस्थित,मर्यादित र अवलोकर्ता लक्षित बनाउन यो पटकबमाट भने मुख्य प्रायोजक, प्रायोजक,सहयोगीहरुको व्यवस्था गरिएको छ । यसअघि हरेक वर्ष नगरपालिकाले मेला आयोजन गर्दै आइरहेको थियो । पत्रकार सम्मेलनमा गढिमाइ नपाकी उपमेयर स्मिता यादव ,प्रमुख प्रशासकिय अधिकृत नागेन्द्र यादव,वडा नम्बर १ का वडा अध्यक्ष रामपुकार यादव लगायत नपाका कर्मचारीहरु,विभिन्न मिडियामा आबद्ध पत्रकारहरुको सहभागिता रहेको थियो।

सम्पादकीय

# अपडेटेड हुनुपर्दछ मन्त्रालयहरु

मधेश प्रदेश सरकार गठन भएको एक महिना बितेको छ । दोश्रो आम निर्वाचन पछि बनेको मधेश प्रदेशको सरकारको नेतृत्व जसपाले लिएको छ। सरकारले पूर्णता पाएको पनि दुई साता बितिसकेको छ । मधेश प्रदेशका वेबसाइटहरुको अवलोकन गर्यो भने मन्त्रालयमहरुका नयाँ मन्त्री आएको, उनले नीतिगत निर्देशनहरु दिएको सामान्य जानकारी समेत पाइदैन ।

अधिकांश वेबसाइट डाटा विहिन छन्, अपडेट छैनन्, केही त खुल्द खुल्दैनन् ।कतिसम्म भने भौतिक पुर्वाधार विकास मन्त्रालयको वेबसाइटमा पुर्व मन्त्री रामसरोज यादव र मुख्यमन्त्री सरोज कुमार यादव दूइटैको फोटो र नाम राखिएको छ। जबकी नयाँ मन्त्रीमण्डलमा सरोज यादव नियुक्त भएको एक महिना बितिसकेको छ।

यस्तो अवस्था किन ? जिम्मेवारहरु सही उत्तर दिन सक्तैनन्, पन्छिन्छन् । कारण एकमात्र छैन । पहिलो जिम्मेवारी र जवाफदेहीताको अभाव छ। चलिराखेको छ, चल्दै रहन्छ भन्ने मनोवृती।

दोश्रो दक्ष जनशक्तिको अभाव । प्रत्येक मन्त्रालय र विभागिय कार्यालयहरुमा वेब पेज हेर्ने प्राविधिक जनशक्ति राखिएको छ। जे कामका लागि दिएको हो, त्यो काम गर्न नसक्नेहरुको बाहुल्य देखिन्छ। उनीहरु राजनीतिक भनसुनबाट आएका हुन्, काम गर्न होइन जागिर खान मात्र।

मधेशका प्रत्येक मन्त्रालयमा आआफ्नै खालका वेबसाइट छन्। मन्त्री वा मन्त्रालयका हर्ताकर्ताले आफ् नाहरु मार्फत बनाएका। मधेश प्रदेशको वेबपेज खोल्ने बित्तिकै भद्रगोल दृश्य देखिन्छ। जसलाई जे मन लाग्यो त्यस्तै वेबसाइट बनाउन मिल्ने होइन । यसबारे संघीय सरकारले जारी गरेको निर्देशिका छ। त्यसलाई पूर्णरुपमा वेवास्ता गरिएको छ । प्रदेश आफैले निर्देशिका बनाएर जारी गर्नुपर्दछ, होइन भने संघीय निर्देशनहरुको पालना गर्नुपर्ने प्रदेशको दायित्व हो।

संघ सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सरकारी कार्यालयको आधिकारिक वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८ मा यस्तो व्यवस्था छ । निर्देशिका अनुसार वेबसाइट निर्माण गर्दा कार्यालयको नाम र ठेगाना, कार्यालयको सेवा, पदाधिकारी तथा कर्मचारीको विवरण, सम्पर्क नम्बर र इमेल, नागरिक बडापत्र अनिवार्य राख्नुपर्दछ । प्रत्येक दिन सूचना तथा निर्णय अपडेट गर्नुपछ। सम्बन्धित ऐन, नियमावली, निर्देशिका लगायतका मन्त्रालयका निर्णयहरु वेबसाइटमा राख्नुपर्ने हुन्छ।

सबै भन्दा महत्वपूर्ण सरकारी वेबसाइटलाई सरकारको एकीकृत डाटा सेन्टरमा होस्ट गनुपर्ने निर्देशिकामा उल्लेख छ। कमजोर गतिको इन्टरनेटमा खुल्नसक्ने, मोबाइलमा पनि सजिलै खुल्ने र हेर्न मिल्ने गरी बेवसाइट बनाउनुपर्ने व्यवस्था गरेको छ।

निर्देशिकामा वेबसाइट निर्माण गरेपछि सुरक्षण परीक्षण गर्नुपर्ने र प्रत्येक वर्ष त्यसको अवस्थाबारे सूचना प्रविधि विभागबाट जाँच गर्नुपर्ने, खसाइटलाई सबैको पहुँचयोग्य बनाउने, सरल र विश्वसनीय बनाउने, खसाइटमा उपलब्ध हुने सामग्री एचटीएमएल, पीडीएफ र वर्ड ढाँचामा हुनुपर्ने व्यवस्था पनि छ।

मधेश प्रदेश सरकारका वेबसाइटहरुले निर्देशिकालाई पुरै वेवास्ता गरेका छन् । सबै भन्दा राम्रो विकल्प प्रदेशको आवश्यकता अनुसार निर्देशिका तयार गर्ने र त्यसलाई लागुगर्न आवश्यक छ।

अहिलेको समय डिजिटल युग हो । समयको माग र जनताको अपेक्षा अनुसार सरकारी संयन्त्रहरुले आफूलाई परिमार्जित, परिस्कृत र परिवर्तिन हुँदै जानुपर्ने हुन्छ । वेबसाइट भनेको सम्बन्धित निकायको सार्वजनिक भएको डिजिटल तस्वीर हो।

सरकार कस्तो छ, के के काम गरिरहेको छ, गर्देछ, त्यो वेबसाइट हेर्दा थाहा पाउँन सकियोस्।

यसका लागि धेरै गर्न आवश्यक पनि छैन । मधेश प्रर्देश सरकारका वेबसाइटहरु निर्देशिका अनुसार निर्माण गर्ने, एकरुपता कायम गर्ने र संचालन तथा अपडेट गर्न दक्ष व्यवसायिक जनशक्ति हायर गर्ने।

मन्त्रीहरुले बुझ्न आवश्यक छ, काम गराउँदा 'हाम्रा मान्छे होइन, राम्रा मान्छेले आवश्यक पर्दछ। सिपालु र व्यवसायिक मानिस चाहिन्छ। राम्रा मानिसलाई जिम्मा दिऔं, कम्तिमा आफूले गरेका कामहरुको विवरणहरु सबैको पहुँचमा पुर्याउने माध्यमलाई तन्दुरुस्त राखौं । डिजिटल भाषामा मन्त्रालयहरुका वेब सधै अपडेटेड हुनुपर्दछ।

# शैक्षिक लगानीमा प्राथमिकता, समृद्धिको मार्ग

*नेपालजस्तो विकसशील राष्ट्रमा शिक्षाको दायित्व राज्यले लिनुपर्छ र शिक्षा व्यावहारिक हुनुका साथै सर्वसुलभ पनि हुनुपर्छ। यद्यपि, हाम्रो राज्यले यसो गर्न सकिरहेको छैन।*



**– भोला थापा**

आर्थिक विकासका शास्त्रीय चिन्तनले भौतिक पुँजीलाई आर्थिक वृद्धि र विकासको आधारभूत तत्व मान्छ। यो बुझाइकै कारण भौतिक पुँजीसञ्चयले तीव्रता पायो । सन् १९७० र ८० को दशकदेखि आर्थिक विकासका अवधारणाले पुँजी सञ्चयका साथै रोजगारी र आयको पुनर्वितरणमा महत्व दिन थाले। १९८० पछि आर्थिक विकासको अवधारणा अझ बढी फराकिलो बन्यो।

विकास अब बहुआयामिक प्रक्रिया बन्यो । मानव विकासको गतिशिलतादेखि उत्पादनको ढाँचा र प्राविधिक उन्नति विकासको परिधिभित्र परे । यसले मानिसको समृद्धि र आर्थिक उपार्जनका विकल्पलाई पनि आर्थिक विकासभित्र समेट्न थाल्यो । मानिसको समृद्धिका लागि शिक्षा र स्वास्थ्यमा समान अधिकार अत्यावश्यक छ । क्षमता अभिवृद्धिका लागि प्रदान गरिने समान अवसर मानव विकासको दृष्टिकोणबाट निकै महत्वपूर्ण छन्। विभिन्न अध्ययन तथा अनुसन्धानले पनि समग्र आर्थिक विकासका लागि शिक्षाको महत्व निकै रहेको देखाएका छन्।

नेपालका आर्थिक-सामाजिक नीतिमा मानव विकासको अवधारणाको प्रभाव धेरै छ। १९९० को दशकको मध्यतिर आर्थिक संरचनामा परिवर्तनका लागि आर्थिक उदारीकरण नीति अवलम्बन भएको थियो। त्यस आर्थिक विकासको मुख्य ध्यान नै व्यापारमा निजी क्षेत्रको प्रोत्साहन, राज्यलाई सीमित क्षेत्रको व्यापारमा मात्रै संलग्न गराउनुमा थियो। यस्तै प्रतिस्पर्धालाई बढावा दिँदै बजार मुखी अर्थतन्त्र निर्माण थियो । २००० पछिमात्रै नेपालले मानव विकाससम्बन्धी अवधारणा वा दृष्टिकोणलाई आर्थिक-समाजिक नीतिमा समावेश गर्न थाल्यो। २०१५-२०३० सम्म दिगो विकास लक्ष्य तय भएको थियो। त्यसअघि २०००-२०१५ सम्म सहस्राब्दी विकास लक्ष्य तय भएको थियो। मानव विकास दृष्टिकोण र परिणाममा आधारित व्यवस्थापनलाई जोड दिने यी कार्यक्रमले नेपालको सामाजिक- आर्थिक नीतिमा वृहत प्रभाव पारेका छन्। २००० अप्रिलमा डाकरमा सम्पन्न विश्व शिक्षा सम्मेलनबाट धेरै राष्ट्रले सबैका लागि शिक्षा परियोजना अपनाए । यो सम्मेलनले विकसित राष्ट्रलाई दुई भूमिका प्रदान गऱ्यो । पहिलो आफ्ना सबै नागरिकलाई शिक्षित बनाउने र दोस्रो विकासशील राष्ट्रमा शैक्षिक अभिवृद्धिका लागि सहयोग गर्ने । जुनसुकै क्षेत्र, लिंग, समाज वा सांस्कृतिक पृष्ठभूमि भएकालाई शिक्षामा समान अधिकार र पहुँच पुऱ्याउने भनियो । लगानीका लागि दातृ राष्ट्रहरू पनि तयार भए। छनौटमा स्वतन्त्रताका कारण शिक्षामा प्रभावकारी लगानी सम्भव भने भएन। नेपालजस्तो विकसशील राष्ट्रमा शिक्षाको दायित्व राज्यले लिनुपर्छ र शिक्षा व्यावहारिक हुनुका साथै सर्वसुलभ पनि हुनुपर्छ । यद्यपि, हाम्रो राज्यले यसो गर्न सकिरहेको छैन। १९८० मा पनि उदारीकरण र भूमण्डलीकरणका कारण नेपालको उच्च शिक्षामा व्यापक परिवर्तन आएको मानिन्छ। उच्च शिक्षा राज्यको प्रणालीभन्दा बाहिर फैलिरहेको छ भने सार्वजनिक-निजी मोडलमा शिक्षा क्षेत्रमा लगानी भइरहेको छ । यो अभ्यासले विकाससम्बन्धी दर्शनको परिप्रेक्ष बदलेको छ। नेपाल सरकारले दातृ निकाय र विकास साझेदारसँग समन्वय गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानीलाई प्राथामिकता दिएको छ । यसको नतिजा निकै सकारात्मक छ । प्राथमिक तहमा विद्यार्थी भर्ना दर बढिरहेको छ । १९७१ मा ४ लाख विद्यार्थी प्राथमिक तहमा भर्ना भएका थिए। २००१ मा आइपुग्दा यो संख्या ३० लाख ९० हजार पुग्यो। २०१९/२० मा यो संख्या ५० लाख ३० हजार छ। यो संख्या निकै उत्साहजक हो। यस्तै, उच्च शिक्षामा पनि उत्साहजनकै तथ्यांक छ। १९७१ मा १७ हजार भर्ना हुँदा २००५ भित्र २ लाख १० हजार भर्ना भए भने २०२० मा यो संख्या २० लाख १० हजार पुग्यो। शैक्षिक संस्थाका संख्यामा पनि उल्लेखनीय वृद्धि भएको छ।

नेपाल संघीय प्रणालीमा गएपछि शिक्षा र स्वास्थ्यको क्षेत्रमा बजेट घट्दो छ । धेरै मुलुकले शिक्षा र स्वास्थ्यमा लगानी थपिरहेको अवस्थामा नेपालले घटाइरहेको छ। प्रदेश र स्थानीय तहलाई खर्चको सीमा घटाउँदा यो स्थिति आएको हो । प्रदेश र स्थानीय तहले गर्ने स्वेच्छाचारी खर्च कटौती गरेर वा अर्थोपार्जनका स्रोत बलियो बनाएर भए पनि उनीहरूले शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्ने हुन्छ । यद्यपि, उनीहरू शिक्षा र स्वास्थ्यमा लगानीका लागि संघीय सरकारबाट ससर्त अनुदानको आसामा छन् । यसले स्वास्थ्य तथा शैक्षिक संस्थाको स्तरोन्नतिमा बाधा पुऱ्याइरहेको छ। यो तथ्य विश्व बैंकले आफ्नो प्रतिवदेनमा पनि समावेश गरेको छ।

> “नेपाल संघीय प्रणालीमा गएपछि शिक्षा र स्वास्थ्यको क्षेत्रमा बजेट घट्दो छ। धेरै मुलुकले शिक्षा र स्वास्थ्यमा लगानी थपिरहेको अवस्थामा नेपालले घटाइरहेको छ। प्रदेश र स्थानीय तहलाई खर्चको सीमा घटाउँदा यो स्थिति आएको हो। प्रदेश र स्थानीय तहले गर्ने स्वेच्छाचारी खर्च कटौती गरेर वा अर्थोपार्जनका स्रोत बलियो बनाएर भए पनि उनीहरूले शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्ने हुन्छ। यद्यपि, उनीहरू शिक्षा र स्वास्थ्यमा लगानीका लागि संघीय सरकारबाट ससर्त अनुदानको आसामा छन्। यसले स्वास्थ्य तथा शैक्षिक संस्थाको स्तरोन्नतिमा बाधा पुऱ्याइरहेको छ। यो तथ्य विश्व बैंकले आफ्नो प्रतिवदेनमा पनि समावेश गरेको छ।

२०२० को प्रतिवेदनअनुसार नेपालले कूल गार्हस्थ उत्पादन (जिडिपी) को ३.२ प्रतिशत शिक्षामा लगानी गरेको थियो। यो रकम नेपालजस्तै अन्य विकासशील मुलुकको अनुपातमा न्यून हो। विकसित राष्ट्रका अनुपात ३.८ प्रतिशत छ भने कतिपय राष्ट्रले जिडिपीको ४.१ प्रतिशत रकम शिक्षामा लगानी गरेका छन् । आर्थिक वर्ष २०१४/१५ देखि २०१८/१९ को तथ्यांक हेर्ने हो भने शिक्षा क्षेत्रको लगानी करिब १.२ प्रतिशतदेखि १ प्रतिशतसम्म घटिरहेको छ । यद्यपि, पुँजीगत खर्च भने ९.९ प्रतिशतसम्म छ । विकास साझेदारीसम्बन्धी प्रतिवेदन २०१९/२० का अनुसार १० वर्षदेखि दातृ निकायहरूले नेपालको शिक्षा क्षेत्रमा स्थिर तरिकाले सहयोग गर्दै आएका छन्। कोरोनाकालपछि मात्रै सहयोगमा केही कमी आएको पाइन्छ । मुलुकको अर्थतन्त्र बलियो बनाउन र समावेशी विकास सुनिश्चितताका लागि गुणस्तरीय जनशक्ति उत्पादन अपरिहार्य छ । गुणस्तरीय जनशक्ति उत्पादनका लागि शिक्षामा दिगो लगानी महत्वपूर्ण छ । शिक्षामा कम र पूर्वाधारमा मात्रै बढी लगानी गर्ने हो भने नेपालले निकै कम प्रतिफल पाउँछ । त्यसैले उच्च प्रयोगात्मक विधि र अनुसन्धान बढी प्रयोग हुने शिक्षामा सरकारले लगानीका साथै शैक्षिक पूर्वाधार विकास गर्नु पनि उत्तिकै आवश्यक छ। उचित शैक्षिक पूर्वाधार अभावमा अनुसन्धान कार्य प्रभावित हुँदै आएका छन् भने शिक्षाको गुणस्तर पनि कमजोर बन्दै गएको छ। यसले एकातिर गुणस्तरीय जनशक्ति उत्पादनमा असर पुऱ्याइरहेको छ भने उच्च शिक्षाका लागि विद्यार्थीहरू विदेशतर्फ आकर्षित हुँदा भारीमात्रामा पुँजी पलायन भइरहेको छ । यसका साथै ज्ञान र सीपलाई विश्वविद्यालयबाट समाज र अर्थतन्त्रमा प्रवाह गर्ने प्रक्रिया नै स्थगित हुँदै आएको छ।

आवश्यकता र प्राथमिकता तय गर्दै सरकारले आर्थिक विकासको रणनीतिक योजना अनुरूप उच्च शिक्षामा पनि लगानी गर्नुपर्छ। यो कुरा दिगो विकासका लागि महत्वपूर्ण छ। औद्योगिक विकास र रोजगारका अवसरका साथै अर्थतन्त्रका अन्य क्षेत्रगत विकासमा पूर्वानुमान गरे झैं राज्यले उच्च शिक्षाका उत्पादनबारे पनि उत्तिकै सोच्नुपर्छ । यसो गरेमात्रै नेपालको अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने सक्षम जनशक्तिको माग र आपूर्तिबीचको खाडल पुर्न सकिन्छ । विश्वविद्यालय अनुदान आयोगको विवरण हेर्ने हो भने सबैभन्दा बढीले व्यवस्थापन संकाय पढिरहेका छन्। आर्थिक वर्ष २०१६/१७ देखि २०१९/२० सम्म हेर्दा ४४ प्रतिशत विद्यार्थी व्यवस्थापन संकायमा भर्ना भएका छन् भने १९.५ प्रतिशतले शिक्षा संकाय छनौट गरेका छन् । यस्तै मानविकी संकायमा १२.४५ प्रतिशत विद्यार्थी भर्ना भएका छन् । प्राविधिक क्षेत्रमा भर्ना संख्या अत्यन्त न्यून छ । ६.७३ प्रतिशतले इन्जिनियरिङ रोज्दा ६.३१ प्रतिशतले मेडिसिन रोजेका छन् । यस्तै १.३५ प्रतिशतले कानुन रोज्दा १.१२ प्रतिशतले पशु र बाली विज्ञान रोजेका छन् । मागका आधारमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राखिनुपर्छ । तर, दुर्भाग्य नेपालमा कुन जनशक्तिको माग कति २०७९ भन्ने तथ्यांकको अभाव छ।

श्रमशक्ति सम्बन्धी सर्भे २०१७/१८ अनुसार कूल रोजागरको सबैभन्दा बढी २३.८ प्रतिशत जनशक्ति सेवा बिक्री क्षेत्रमा आबद्ध छन् । सामान्य पेसामा २०.३ प्रतिशत जनशक्ति छन् भने व्यापारमा १९.६ प्रतिशत जनशक्ति क्रियाशील छन् । यस्तै व्यवस्थापकीय क्षेत्रमा १.२ प्रतिशत जनशक्ति संलग्न छन् । यद्यपि, ४४ प्रतिशत विद्यार्थीले व्यवस्थापन संकाय पढिरहेका छन् । यस्तै श्रम जनशक्ति सर्भे २०१८ अनुसार अनौपचारिक क्षेत्रमा देशैभरि करिब ८४.६ प्रतिशत जनशक्तिले काम गरिरहेका छन् । जसमा सबैभन्दा ठूलो हिस्सा महिलाको छ । यस्तै ग्रामीण क्षेत्रमा बसोबास गर्नेले पनि यसमा योगदान गरिरहेका छन् । यसले के दखाउँछ भने नेपालमा शैक्षिक उपलब्धी हासिलको अवसर सीमितले पाएका छन् । त्यसैले अझै पनि उल्लेखनीय संख्यामा युवा रोजगारी खोजीमा

- *बाँकी पृष्ठ ६ मा*

# आवास तथा खाद्य सम्बन्धी मौलिक हक बेवारिस

*'नागरिकका आर्थिक सामाजिक अधिकारबारे ऐन त छन् तर कार्यान्वयन गर्न नियमावली छैनन्*

अधिवक्ता राजु चापागाँई र साथीहरू

हामी संविधानको धारा ४८ बमोजिम राष्ट्रप्रति निष्ठावान नेपाली नागरिक हौं भने नागरिकको हैसियतले आफूपनि संविधान र कानुनको पालना गर्ने र अरुलाई पनि पालना गर्ने, गराउन सकारात्मक भूमिका खेल्ने नागरिक जिम्मेवारी पुरा गर्नुपर्दछ। त्यतिमात्रै नभएर हामी संविधानवाद, कानुनी शासन, मानकअधिकार, सुशासन र सामाजिक न्यायप्रति समर्पित सचेत नागरिकको कर्तव्य पुरा गर्न अग्रसर हुनुपर्दछ।

ऐतिहासिक संविधानसभाबाट २०७२ असोज ३ मा जारी भएको नेपालको संविधानको प्रस्तावनामा नै समाजवाद, सामासिक न्याय, समतामूलक संवृद्धि प्राप्तीको अभिष्ट मुखरित छ। विभिन्न स्वरुपमा सदियौदेखि विद्यमान भेदभाव, वहिष्करण एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबाट वञ्चित नै विगतमा भएको सशस्त्र संघर्ष, राजनीतिक, सामाजिक, जातीय तथा क्षेत्रीय आन्दोलनहरूका अन्तरनिहित कारण हुन भन्ने तथ्य विस्तृत शान्ति सम्झौता लगायत अन्य राजनीतिक दस्तावेजहरूमा पनि यो तथ्य स्वीकार गरिएको छ।

द्वन्द्वका कारक तत्वलाई सम्बोधन गरेर दिगो शान्ति सुनिश्चित गर्नका लागि संविधानले उच्च प्राथमिकताका साथ सामाजिक न्याय तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। तर कार्यान्वयनप्रतिको बढ्दो अकर्मण्यता र उदासिनताले सामाजिक न्याय, समाजवाद, समतामूलक आर्थिक संवृद्धि र आमजनताले सम्मानपूर्वक जिवनयापन गर्न पाउने वातावरण सृजना गर्ने संवैधानिक वाचा खाली चेकमा परिणत हुँदै गएको यथार्थतालाई भने हामीलाई चिन्तित तुल्याउँदै गएको छ।

आमजनतामा पनि ठूलो निराशा छ। तीनै तहका तहगत सरकारप्रतिको सार्वजनिक विश्वास र भरोसामा पनि क्षयीकरण हुँदै गएको छ।

मौलिक हकको रूपमा प्रत्याभूत खाद्य सम्बन्धी हक ९धारा ३६० र आवासको हक ९धारा ३७० का अवयवहरूको वव्यहारिक कार्यान्वयनका लागि संघीय संसदले क्रमशः खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बनाएको हो। दुवै ऐनहरू २०७५ असोज २ गतेदेखि नै प्रारम्भ भएका हुन। संघीय ससंदले ती ऐनका अधिकांश प्रावधानहरू प्रत्यायोजित विधायन -नियमावली) मा व्यवस्था भएबमोजिम तोकिए बमोजिम कार्यान्वयन हुने प्रबन्ध गरेको छ। यथासमयमा नियमावलीमा प्रबन्ध नगर्दासम्म त्यस्ता विषयहरू कार्यान्वयनमा जाने स्थिति बन्दैन। तसर्थ ऐनले मागे बमोजिम तदारुकताका साथ नियमावली बनाएर कार्यान्वयन गर्नुपर्ने नेपाल सरकार मन्त्रीपरिषदको बाध्यात्मक दायित्व रहन्छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५का व्यवस्थाहरूको अध्ययन गर्दा भोकमरीको रोकथाम र नियन्त्रणका उपायको अवलम्बन, खाद्य असुरक्षित लक्षित घरपरिवारको पहिचान, त्यस्ता परिवारको अभिलेख, लक्षित परिवारलाई खाद्य सहायता परिचयपत्र वितरण, लक्षित परिवारलाई सहुलियतपूर्ण वा निशुल्क खाद्य सहायताको वितरण, खाद्यको पोषण मापदण्ड निर्धारण, खाद्य सङ्कटग्रस्त क्षेत्रमा खाद्य तथा पोषण सुरक्षाको प्रवन्ध र स्थानीय खाद्य उत्पादनको प्रर्वद्धन पर्दछन ।

त्यसैगरी किसानको पहिचान र सहजीकरण, किसान परिचयपत्र वितरण, मर्कामा परेका किसानलाई क्षतिपूर्ति दिने संयन्त्र र विधितथा प्रक्रिया, कृषियोग्य भूमिको दीगो व्यवस्थापन र उपयोगको प्रर्वदन, लक्षित कृषि विकास कार्यक्रम संचालन,जलवायु पवरिर्तनको जोखिम न्युनिकरणका उपाय अवलम्बन, राष्ट्रिय खाद्य योजनामा समेट्ने विषयहरू निर्धारण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम संचालन, खाद्यको सञ्चित तथा वितरण प्रणाली, राष्ट्रिय खाद्य परिषद् गठन तथा संचालन र काम, कर्तव्य र अधिकारको निर्धारण, निरीक्षण अधिकृत तोक्ने वा नियुक्त गर्ने लगायतका आधारभूत विषयवस्तुहरू नियमावलीमा निर्भर हुने स्थिति छ। नियमावली नबन्दा यी विषय कार्यान्वयनमा आउन सकेको छैन।

त्यसैगरी आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू हेर्दा आवसविहिन व्यक्तिको प्राथमिकिकरण, सहुलियतपूर्ण वित्तिय सुविधा, बासस्थानबाट निस्कासनको विधि तथा प्रक्रिया, पूर्नवासको व्यवस्था, आवसविहिन परिवारको लगत सङ्कलन, आवासविहीनलाई आवास सुविधा, परिचयपत्र वितरण, आवासविहीनताको स्वघोषणा, अस्थायी आवास तथा आर्थिक सहायता,वार्षिक आयको निर्धारण, स्थानीय तहसँग समन्वय, निजी क्षेत्रबाट उपलब्ध गराइने, आवास सुविधा फिर्ता लगायतका आधारभूत विषयहरू नियमावलीमा र्निभर हुनेगरी व्यवस्था गररएको छ।

उक्त ऐनका व्यवस्थाहरूको कार्यान्वयनका लागि प्रत्यायोसित विधायन तत्काल अपरिहार्य हुने गरी संघीय संसदले प्रबन्ध गरेको भएपनि नेपाल सरकारले हालसम्म पनि उक्त नियमावली बनाएर कार्यान्वयनमा ल्याएको छैन। जसका कारण सार्वभौम जनता संविधान प्रत्याभूत गरिएका खाद्य तथा आवाससम्बन्धी मौलिक हकको निर्वाध उपभोग गर्नेबाट वञ्चित हुनुपरेको छ। यही अकर्मण्यताबाट सिर्जित अन्योलको अवसर दुरुपयोग गदै संघीय सरकारका कतिपय निकायहरू र स्थानीय सरकारबाट भूमिहिन सुकुम्बासी नागरिकलाई उचित पहिचान नगरी, विकल्पविना स्वेच्छाचारी रूपमा उठिवास लगाउने वा उठिवासको दुस्प्रयास गर्ने, त्रासमा राख्ने, जिविकोपार्जनका आधारबाट वञ्चित गरेर आवासविहीनता र चरम खाद्य असुरक्षाको जोखिममा धकेल्ने हर्कतहरू हुँदै आएका छन् । कतिपय अवस्थामा सम्बन्धित निकायलाई जवाफदेहि बनाउन अदालतले हस्तक्षेप समेत गर्दै आएको छ।

जबरजस्ती उठिबासपछि पनि आवासविहिन भएर चितवनको माडीस्थित कुसुम खोलाको जंगल क्षेत्रमा नै

- *बाँकी पृष्ठ ६ मा*

# वैदेशिक जागिर छाडेर भैँसीपालन, मासिक ७० हजार आम्दानी


सहजपुर, २९ माघ
क्यानडाको भिसा त्यागेर कैलालीको अत्तरियाका हिक्मत कठायत अहिले भैँसीपालनमा रमाइरहनुभएको छ । उहाँले भैँसीपालनबाट राम्रो आम्दानी पनि गरिरहेका छन ।



साइप्रसबाट 'बिएससी नर्सिङ' अध्ययन पूरा गरेका गोदावरी नगरपालिका- २ अत्तरियाका उनले विदेशमा छँदा मासिक तीन लाख आम्दानी गर्थे ।
पुर्ख्यौली घर बझाङको छविस पाथिभेरा-२ भएका उनले नेपालमा 'एचए' पूरा गरी नर्सिङ पढ्न साइप्रस गएका थिए । साइप्रसबाट अध्ययन सकेर स्वदेश फर्किएको केही समयपछि जागिर नपाएपछि उहाँ वैदेशिक रोजगारीमा गएका थिए ।
सुरुवातमा काम गर्न दुबई पुगेका उनी त्यहाँ मासिक एक हजार ६ सय डलरमा काम सुरु गरे । करिब १४ महिना दुबईमा काम गर्नुभएका हिक्मतलाई विदेशमा भइरहेको त्यो कमाइ चित्त बुझेन । दुबईको १४ महिनाको कामलाई विश्राम दिएर उहाँ कुवेतमा मासिक रू दुई लाख ९० हजारको जागिर गर्न थाले ।
व्यक्तिगत खर्च कटाएर मासिक रू दुई लाख ९० हजार घर पठाउथे, उनले भने ,त्यहाँ मैले चार वर्ष आठ महिना काम गरेँ । त्यसपछि बिदामा घर आएका उनी विदेश फर्केन ।
बिदामा घर आएका उनले कुबेतको जागिर छाडेर सुरुमा कुखुरापालन सुरु गरे । कुखुरापालनबाट सुरुवाती चरणमा राम्रै आम्दानी भए पनि पछि भने लाखौँ घाटा बेहोर्नु पर्‍यो ।
सुरुवाती चरणमा करिब चार लाख जति कमाएँ, उनले भने ,पछि बजारको सिन्डिकेटका कारण घाटा बेहोरे । उनले कुखुरापालनकै कारण विदेश छँदा कमाएको ४६ लाख नगद र छ तोला सुन पनि सकाए । कुखुरापालनबाट लाखौ डुबेपछि हरेश खाएका हिक्मतले फेरि विदेश जाने सोच बनाए । क्यानडाको भिसा लगाएर जाने तयारी गर्नुभएका उनले साथीको सल्लाहका कारण त्यहाँ गएनन ।
कुखुरापालनबाट लाखौ गुमाउँदा भएको तनावपछि विदेश जाने भनेर क्यानडाको भिसा लगाए, सबै तयारी पूरा भएर जाने तरखर गर्दै थिए साथीको सल्लाहले फेरि रोकिए, उनले भने ।
साथीका सहयोगमा बैंकबाट कर्जा लिएर भैँसीपाल्न सुरु गरेको हुँ । अहिले भैँसीपालनबाट राम्रो आम्दानी भइरहेको छ । कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ मा एक बिघा १२ कठ्ठा जमिन भाडामा लिएर उहाँले हेमा कृषि फार्म सञ्चालन गरेका छन ।
फार्ममा भैँसीपालन व्यवसाय सुरु गरेको करिब सात महिना पुग्न लाग्यो ।
भैँसीपालनमा पनि सुरुवाती चरणमा आफूले घाटा बेहोर्नुपरेको उनले सुनाए । साथीको सल्लामा अर्का एकजनामार्फत भैँसी किनेर ल्याए तर दूधै नदिने भएपछि आधा पैसामा बिक्री गरेँ उनले भने । हाल उनको फार्ममा छ वटा भैँसी छन् । दूध बिक्रीबाट मात्रै हाल मासिक करिब ७० हजार नाफा भइरहेको उहाँको भनाइ छ ।
अहिले प्रतिलिटर रू ८० का दरले दैनिक ६४ लिटर दूध बिक्री गर्छु, उनले भने ,प्रत्येक महिना दूध बढ्दै गइरहेको र आम्दानी पनि बढ्दै जाने विश्वास लिएको छु । कुल रू ५६ लाख लगानी भएको कुखुरापालन व्यवसाय डुबेपछि रू आठ लाख ऋण लिएर सुरु गरेको भैँसीपालनबाट भने सन्तुष्टि मिलेको उनको भनाइ छ । भैँसीपालनमा श्रीमती र एक जना आफन्तले सहयोग गर्दै आएका छन् ।रासस

# गेटा मेडिकल कलेजलाई राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउन प्रधानमन्त्रीको प्रस्ताव

काठमाडौँ, २९ माघ
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कैलालीको गेटामा निर्माणाधीन गेटा मेडिकल कलेजलाई नेपालकै पहिलो राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयका रुपमा अघि बढाउने विषयमा छलफल गरेका छन । गेटा मेडिकल कलेजको मोडालिटीका बारेमा सुदूरपश्चिमका विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने वहालवाला तथा पूर्वसांसद, मन्त्री, विषय विशेषज्ञ, नेपाल सरकारका मुख्यसचिव, शिक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरुसँग आइतवार उनले प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गरे । प्रधानमन्त्री दाहालले आगामी फागुन १ देखि विकास आयोजनाको अनुगमन गर्ने घोषणा गरेका छन । सोही सिलसिलामा उनी सोमवार सुदूरपश्चिम प्रदेशको सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जाने कार्यक्रम छ । भ्रमणको अघिल्लो दिन उनले सो क्षेत्रका सांसदसँग छलफल गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । मेरो पहिलो कार्यकालमा सुदूरपश्चिम विश्वविद्यालयको घोषणासमेत गरेको थिएँ, छलफलमा उनले भने , गेटा मेडिकल कलेजलाई समेत राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयका रुपमा विकास गर्ने विषय मेरा लागि गौरवको विषय हो ।



प्रधानमन्त्री दाहालले गेटा मेडिकल कलेजलाई नेपालकै पहिलो शहीद दशरथचन्द राष्ट्रिय विश्वविद्यालयका रुपमा विकास गर्ने गरी सरकारले निर्णय गर्ने बताए ।
यो सुदूरपश्चिम र सिङ्गो नेपालकै लागि निकै ठूलो गर्व र खुसीको कुरा हो, प्रधानमन्त्री दाहालले भने ,नेपालमा आजसम्म पनि स्वास्थ्यविज्ञान विश्वविद्यालय नभएको अवस्थामा यो विश्वविद्यालयले दक्ष चिकित्सक, विशेषज्ञ चिकित्सा सेवा र विशिष्टिकृत चिकित्सकीय र जनस्वास्थ्यसँग सम्बन्धित अनुसन्धानको कमी पूरा गर्ने सबैले विश्वास लिएका छौँ ।
गेटा मेडिकल कलेजको पूर्वाधार निर्माणलगायतका काम दाहाल पहिलो र दोस्रोपटक प्रधानमन्त्री भएको बेला अघि बढेका थिए । गेटा मेडिकल कलेज सञ्चालनमा आएपछि सुदूरपश्चिमका नागरिकले सर्वसुलभ दरमा स्तरीय स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ ।
रासस

# कलैयामा क्यूरि मसाला मर्चेन्ट मिट एण्ड होली सेलिब्रेसन

आरके श्रीवास्तव
गरूडा,२९ माघ । बारा जिल्लामा क्यूरि मसाला मर्चेन्ट मिट एण्ड होली सेलिब्रेसन २०७९ सम्पन्न भएको छ । कलैया स्थित बरेवा दरबार होटेलमा शनिवार मर्चेन्ट मिट कार्यक्रम आयोजन गरिएको थियो । एमडि बिकास मसाला उद्योग विरगंज पर्साको आयोजनामा भएको कार्यक्रमको सह आयोजक निराला जेनरल किराना पसल कटहरिया ,रौतहट रहेको थियो ।




कार्यक्रमको प्रमुख अतिथिको रूपमा राष्ट्र बैंकका सन्देश ठाकुर रह्नु भएको थियो । कार्यक्रम सञ्चालन ललन गुप्ताले गर्नु भएको थियो । राष्ट्रिय गान बाट सुरु भएको कार्यक्रममा शहिदहरूको समझनामा एक मिनेट मौन धारण गरिएको थियो ।
क्यूरि मसाला मर्चेन्ट मिट एण्ड होली सेलिब्रेसन कार्यक्रममा रौतहट,बारा,पर्सा,सर्लाही,महोतरी,धनुषा,सिन्धुली,मकवानपुर सहित ८ जिल्लाका व्यापारीहरू सहभागी थिए । कार्यक्रममा जिनियस डान्स एकेडेमीका बालबालिकाहरूले नृत्य प्रस्तुत गरेका थिए ।
कार्यक्रममा निराला जेनरल किराना पसल सञ्चालक रौतहटका सञ्चालक महाशक्ति शाह लाई सम्मान गरिएको थियो । त्यस्तै बाराका व्यापारी हरिओम दास ,पर्साका व्यापारी रौनक एकजिम ,सर्लाहीका अजय कुशवाहा , महोतरी र धुनषाका सुदिष्टनारायण झा ,चन्दन मिश्रा, सिन्धुली मनोज रोक्का सहितका व्यापारीहरूलाई क्यूरी मसालाका एमडि विकास अग्रवाल र विवेक अग्रवालले टीका लगाइ खादा ओढाएर सम्मान गर्नु भएको थियो ।
क्यूरी मसालाले बजारमा किचेन किंग मसाला,फिस मसाला,कासमिरी चिलि चिकेन मसाला ,सब्जी मसाला लगायतका प्रोडक्टसहरु ल्याएको छ । हरेक गृहणीको रोजाइमा क्यूरी मसाला बन्दै गएको मार्केटिङ मैनेजर विभिषण पाण्डेले जानकारी गराउनु भयो ।
कार्यक्रमका प्रमुख अतिथी राष्ट्र बैंकका सन्देश ठाकुरले क्यूरी मसालाले प्यूरिटी दिइराखेको यती अगाडी सम्म पुगेको भन्दै प्रशंसा गरे । साथै उनले कुनै पनि देशको प्रगतीमा व्यापारीहरुको मूख्य भूमिका रहेको उल्लेख गरेका थिए ।
कार्यक्रमलाइ सम्बोधन गर्दै क्यूरी मसालाका एमडि विकास अग्रवालले कार्यक्रममा उपस्थित व्यापारीहरु लाइ धन्यवाद ज्ञापन गरेका थिए । साथै कार्यक्रमको मुख्य उदेशय व्यापरीहरुलाइ हामी सँग र हामीहरुलाइ व्यापारीहरु सँग जुडनु रहेको बताएका थिए । त्यस्तै अर्का मालिक विवेश अग्रवालले क्यूरी मसालाले आफनो उत्पादन कम मूल्यमा गुणस्तरीयता दिने प्रयास जारी राखेको बताए ।

# हुलाक सेवाको संरचनालाई परिवर्तन गर्न लागिएको छ– सञ्चारमन्त्री शर्मा

देउखुरी, २९ माघ
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले हुलाक सेवाको परम्परागत संरचनालाई परिवर्तन गर्न लागिएको जानकारी दिएका छन ।
नेपाल पत्रकार महासङ्घ, नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टर र प्रगतिशील पत्रकार सङ्घ दाङद्वारा संयुक्तरूपमा आइतबार आयोजित स्वागत तथा बधाई कार्यक्रमलाई सम्बोधन गर्दै उनले विसं २०२७ को कानुनी संरचनामा रहेको हुलाक सेवाको तत्काल पुनःसंरचना गर्न लागिएको छ भने । उनले भने ,समयसापेक्ष सूचना प्रविधि र सङ्घीय संरचनाअनुसार काम अघि बढाउने गरी 'ड्राफ्ट' तयार भइसकेको छ ।



उनले 'मिडिया' क्षेत्रमा देखापरेको समस्याका बारेमा मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि जानकारी लिने काम जारी रहेको बताए । आगामी दिनमा पत्रकार र सञ्चार क्षेत्रको सवलीकरण हुने खालका कार्यक्रमलाई अघि बढाइने र सरकारी सञ्चारमाध्यमलाई प्रदेशस्तरमा व्यवस्थित गर्ने कामको थालनी गरिने उनले बताए । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य शरद अधिकारीले लोककल्याणकारी विज्ञापन कटौतीले साना मिडिया मारमा परेका जस्ता समस्या समाधान गर्न आग्रह गरेका थिए । कार्यक्रममा पत्रकार महासङ्घ दाङ शाखा पूर्वअध्यक्ष प्रताप रेग्मी, सल्लाहकार सुदीप गौतम, पूर्वकेन्द्रीय सदस्य अजयदीप शर्मालगायतले भनाइ राखेका थिए । पत्रकार महासंघ दाङ शाखा अध्यक्ष दुर्गालाल केसीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रेस सेन्टर दाङका अध्यक्ष पाण्डव शर्माले गरेका थिए ।रासस

# ४५ लाख बराबरको जग्गादान

कञ्चनपुर, २९ माघ
दाताले उपलब्ध गराएको जग्गामा शुक्लाफाँटा नगरपालिका-९ सिसैयामा खानेपानी आयोजना निर्माण अगाडि बढाइएको छ । रु १३ करोडको लागतमा खानेपानी आयोजना निर्माण अगाडि बढाइएको हो ।
शुक्लाफाँटा-९ वडाध्यक्ष रमेश ऐरका अनुसार पहिलो वर्ष खानेपानी आयोजनाको पर्खाल निर्माण गर्न र बोरिङ गाड्नका लागि रु १८-१८ लाख गरी रु ३६ लाख बजेटमा कार्य गरिएको छ ।पाँच वर्षभित्रै निर्माण पूरा हुने खानेपानी आयोजनाबाट छ सय ८० परिवारको घरमा शुद्ध पेयजल पुर्‍याउने लक्ष्यसहित कार्य गरिरहेका छौँ, उनले भने , पर्खाल निर्माण र बोरिङ गाड्ने कार्य पूरा भइसकेकाले ट्याङ्की निर्माणको काम सुरु गर्छौं ।



साठी हजार लिटरको खानेपानीको आधुनिक तरिकाले ट्याङ्की निर्माण हुने उनको भनाइ छ । खानेपानी आयोजनाको कार्य गुणस्तरीयरूपमा गर्नका लागि कटिबद्ध रहेको आयोजनाको उपभोक्ता समितिका अध्यक्ष श्यामबहादुर ऐरले बताए । ट्याङ्की निर्माणका लागि आवश्यक बजेट माग गर्छौं, उनले भने ,त्यसपछि पाइप लाइनको कार्य अगाडि बढाउँछौं, पाइप लाइनको कार्य सकिएसँगै धारा जडानकार्य हुन्छ । उपभोक्ताको घर-घरमा र सार्वजनिक ठाउँमा धारा जडानकार्य हुने उनले बताए । शुद्ध पेयजलको व्यवस्था नहुँदा वडाका बासिन्दाले हेण्डमम्पको असुरक्षित खानेपानी प्रयोग गर्दै आएका छन् । धेरै उपभोक्ताको हेण्डपम्पको पानीमा आर्सेनिक, आइरनलगायतको समस्या रहेको छ । खानेपानीका लागि पहिला कुवाको प्रयोग हुन्थ्यो, स्थानीय कर्णबहादुर ऐरले भने,त्यसपछि हेण्डपम्पको प्रयोग हुन थालेको हो, हेण्डपम्पको पानी सुरक्षित नभए पनि बाध्य भएर पिउँदै आएका छौँ । खानेपानी आयोजना निर्माणको कार्य अगाडि बढेसँगै शुद्ध पेयजल पिउन पाउनेमा ढुक्क भएको उनले बताए ।
आयोजना निर्माण हुन थालेपछि निकै खुसी भएको उनको भनाइ छ । खानेपानी आयोजना निर्माणका लागि स्थानीय डम्बरबहादुर ऐर, तीर्थबहादुर ऐर र सुनादेवी ऐरले तीन कठ्ठा जग्गा दान गरेका छन । दान गरिएको जग्गाको मूल्य रु ४५ लाख बढी रहेको छ ।रासस

# आठ करोडमा बनेको सभागृह प्रयोगविहिन

दोधारा चाँदनी, २९ माघ
कञ्चनपुरको महेन्द्रनगरस्थित सभागृह प्रयोगविहिन अवस्थामा छ । पाँच वर्ष अघि रु आठ करोड ५१ लाखमा बनेको उक्त सभागृह हालसम्म पनि प्रयोगमा आउन सकेको छैन ।
तीनतले सुविधा सम्पन्न सभागृहमा भूमिगत पार्किङको सुविधा छ । सभागृह सञ्चालनमा नआउँदा चर्को भाडा तिरेर अन्यत्र निजी हल र होटेल प्रयोग गर्नुपरेको छ । तत्कालिन महेन्द्रनगर नगर विकास समितिले सभागृह निर्माण गरेको हो । हाल उक्त सभागृह भीमदत्त नगरपालिका मातहत छ । नगरपालिकाका सूचना अधिकारी हरिसिंह धामीले सभागृह उद्देश्यअनुरुप प्रयोगमा आउन नसकेको बताए ।
सभागृहलाई नगरपालिकाले भूमिहिन र सुकुम्बासीको लगत लिने कार्यालयका रुपमा सञ्चालन गरेको छ, उनले भने ,अब छुट्टै कार्यविधि बनाएर सञ्चालन गर्ने तयारी छ ।



सभागृह सञ्चालनबारे नगरपालिकाले आवश्यक मापदण्ड बनाउन सकेको छैन । करोडौँ रकम खर्चेर निमार्ण गरिएको सभागृह तत्काल सञ्चालनमा ल्याउनुपर्ने माग छ ।महेन्द्रनगरमा कुनै कार्यक्रम आयोजना गर्नुपरेमा चर्को शुल्क तिरेर होटेल जानुपर्ने बाध्यता छ, स्थानीय कृष्ण भट्टले भने ।
पूर्वपश्चिम राजमार्गसँगै जोडिएको साढे पाँच बिघामा बनेको उक्त सभागृह अपाङ्गमैत्री छ । सभागृह एक हजार जना अटाउने क्षमताको छ । सभागृहमा अन्य कार्यालय सञ्चालन गरिनु हुन्न, स्थानीय नरेश पाण्डेयले भने , सभागृहको एकदमै आवश्यकता भएरै निर्माण गरिएको हो ।
विसं २०६५ मा श्यामसुन्दर र गौरी पार्वती जेभी निर्माण कम्पनीसँग दुई वर्षभित्र काम सक्ने गरी रु छ करोड ८१ लाखमा सभागृह निर्माणको सम्झौता भएको थियो ।
सम्झौता हुँदाको लागत अनुमान र डिजाइन परिवर्तनपछि ठेक्का रकम बढाइएको थियो ।
रासस

# योजना तर्जुमा प्रक्रिया समावेशी बनाउने प्रतिबद्धता

मधेशदृष्टि

जनकपुरधाम, २९ माघ । पालिकाहरुको वार्षिक योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउने धनुषाका स्थानीय तहका प्रमुख-उपप्रमुखहरुले प्रतिबद्धता जनाएका छन् ।

फ्रि मिडिया नेटवर्क धनुषाको आयोजना तथा नेपाल पत्रकार महासंघ धनुषा शाखाको संयोजनमा आइतवार आयोजित 'स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउन सञ्चार क्षेत्रको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख/उपप्रमुखहरुले यस्तो प्रतिबद्धता जनाएको हो ।




स्थानीय तहका जनप्रतिनिधिहरुले योजना तर्जुमा प्रक्रिया समावेशी बनाइने गरेतापनि सञ्चार क्षेत्रको खवरदारी आवश्यक रहेको बताए । कार्यक्रममा सहभागी लक्ष्मिनीया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले आगामी आर्थिक वर्षको योजना तर्जुमा प्रक्रियालाई समावेशी बनाउनका लागि योजनाबद्ध रुपमा काम गर्ने प्रतिबद्धता जनाए । जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले सञ्चार क्षेत्रलाई पनि योजना प्रक्रिया समावेशी बनाउनका लागि समाचार प्रकाशन तथा प्रसारण गर्न आग्रह गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष मनिका झाले स्थानीय तहको योजना निर्माण प्रक्रियालाई समावेशी बनाउनका लागि सञ्चार क्षेत्रले सहयोग गर्ने बताए । उनले पत्रकार महासंघले गरेको छलफलले स्थानीय तहहरुको योजना निर्माणलाई सहयोग पुग्ने बताइन् । कार्यक्रममा 'समावेशी बजेट र सञ्चार क्षेत्रको भूमिका' विषयमा मदन सिंह बागचनले कार्यपत्र प्रस्तुति गरेर सहजीकरण गरेका थिए ।

कार्यक्रममा बरिष्ठ पत्रकार बिएम खनाल, नेपाल पत्रकार महासंघ मधेस प्रदेशका उपाध्यक्ष ज्योति झा, गैसस महासंघ धनुषाका सदस्य उमेश साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, सेफ नेपालका विनोद महरा, अधिकारकर्मी सम्योगिता शाह, सुभद्रा आले, समिता कुमारी तामाङ्ग, साथ साथ सिकाई संघका रिंकु साह, नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय सल्लाहकार त्रिपित महरालगायत दर्जन बढी सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

# बालविवाह कसुरमा कैद

सप्तरी, २९ माघ

पन्ध्र वर्षीया बालिकासँग बालविवाह तथा बहुविवाह गरेको कसुरमा एक अभियुक्तलाई शुक्रबार एक वर्ष तीन महिना कैद सजाय गरिएको छ ।



कञ्चनरुप नगरपालिका-११ गोरपारका ३६ वर्षीय चन्द्रनारायण धामीलाई कैद सजाय भएको अदालतका इजलाश अधिकृत कुमार सुवेदीले बताउनुभयो । जिल्ला न्यायाधीश हेमन्त रावलको इजलाशले आरोपितलाई बहुविवाहको कसुरमा एक वर्ष र बालविवाहको कसुरमा तीन महिना कैद सजाय गरेको हो ।यसैगरी आरोपितलाई बहुविवाहमा रु १० हजार र बालविवाहमा रु तीन हजार जरिवाना समेत भएको छ ।

यसका साथै आरोपितबाट फौजदारी कसूर पीडित राहत कोषमा रु चार सय जमा गर्नुपर्ने फैसला भएको छ । जेठी श्रीमती २१ वर्षीया मेनुकाकुमारी चौधरीले आरोपित श्रीमान्ले १५ वर्षीया बालिकालाई गत मङ्सिर १ गते विवाह गरी घरमा भित्र्याएको भन्दै इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिनुभएको थियो । प्रहरीले पुस २५ गते आरोपितलाई पक्राउ गरी उजुरी दर्ता गरेको थियो ।जिल्ला अदालतले यही माघ १७ गते बालिकालाई सफाइ र धामीलाई पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठाएको थियो । बहुविवाहसँग जोडिएको यो बालविवाहको घटनाबाहेक आर्थिक वर्ष २०७९/८० मा जिल्ला अदालतमा अन्य दुई बालविवाहका उजुरी दर्ता भएका छन् । बालविवाहको एउटा उजुरी परमादेशबाट दर्ता भएको छ भने अर्को सशस्त्र प्रहरीले भारत जाँदै गरेको नवविवीहत जोडीलाई नियन्त्रणमा लिएपछि प्रहरी प्रतिवेदनमा चलेको बालविवाहको मुद्दा रहेको छ । महादेवा गाउँपालिका-१ की बालिकालाई विवाह गरी भारततर्फ लैजाँदै गरेको अवस्थामा बालिका र अन्य तीन जना भारतीय नागरिक यही माघ १७ गते पक्राउ परेका थिए । पक्राउपर्नेमा भारतको जम्मु काशिमर घर भएका मो रफिक खार, नुर जहान र गुलाब जिलानी रहेको प्रहरीले जनाएको छ ।

खार र जहानले ४१ वर्षीय जिलानीलाई नेपाल ल्याएर १७ वर्षीया बालिकासँग विवाह गराइ भारततर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बनैनियाको टोलीले पक्राउ गरेको थियो ।

सशस्त्र प्रहरीको टोलीले जिल्ला प्रहरी कार्यालयमा जिम्मा लगाएपछि अनुसन्धानका क्रममा बालविवाह गरेको खुल्न आएकाले उनीहरुलाई बालविवाहसम्बन्धी कसुरमा मुद्दा चलाइएको छ ।

ठूलो संख्यामा बालविवाह हुने सप्तरीमा २०७५ देखि २०७८ सालसम्म प्रत्येक वर्ष एक/एक उजुरी मात्र दर्ता र फछ्र्यौट भएको छ । अदालतको तथ्याङ्कअनुसार आव २०७८/७९ मा तीन उजुरी दर्ता भएकामा हाल दुई बालविवाहका मुद्दा चालु अवस्थामा छन् ।

कमजोर आर्थिक अवस्था, अशिक्षा र बालविवाहले पार्ने समस्याका बारेमा जानकारी नहुनाले ग्रामीण क्षेत्रका बालबालिका उमेरै नपुगी वैवाहिक जीवनमा जोडिने गरेको अधिकारकर्मीका भनाइ छ । मेची महाकाली बुहारी संयुक्त आवाजकी सदस्य मिरा गुरुङका अनुसार विभिन्न तथ्याङ्क र व्यवहारमा सबैभन्दा बढी घटना हुने बालविवाहको मुद्दा भने सबैभन्दा कम दर्ता हुने गरेको छ । रासस

# अठोट गरियो भने सकारात्मक परिणाम हासिल हुन्छ : प्रधानमन्त्री

काठमाडौँ, २९ माघ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफू नेतृत्वको सरकारले सार्वजनिक र निजी क्षेत्रको सहकार्य सुदृढीकरण, बेथितिको अन्त्य र युवाले पाइरहेको हैरानीलाई सम्बोधन गर्न जोड गरेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाजले आज यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकार सुशासन र समृद्धिको नयाँ यात्रामा अग्रसर रहेको र त्यसमा सफलता हासिल गर्नैपर्ने बताए ।सरकारको प्राथमिकताहरू न्यूनतम साझा कार्यक्रममा समावेश गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले संसद्मा आफूले सम्बोधन गर्ने क्रममा केही विषयलाई महत्वका साथ समावेश गरेको उल्लेख गरे । उनले अब परम्परागत रुपले मुलुकको आर्थिक विकास र समृद्धिको चाहना पूरा नहुने भएकाले त्यसमा 'रेडिकल रिफर्म' तिर जानुपर्छ भन्नेमा जोड दिइएको स्पष्ट पारे ।

संविधानमा उल्लेख भएको समाजवाद उन्मुख अर्थतन्त्रका विषयमा प्रधानमन्त्रीले मुलुकलाई सामाजिक न्याय, सुशासन र समृद्धिको मार्गमा अगाडि बढाउने सङ्कल्प पूरा गर्न अर्थशास्त्रका जानकार सबैलाई आग्रह गरे ।

गत मङ्सिर ४ गते सम्पन्न निर्वाचनको अभियान चलाउँदै गर्दा पनि आफूले अबको मार्गभित्र आर्थिक विकास र समृद्धि नै भएको उल्लेख गरेको समेत स्मरण गरे ।

राष्ट्र र जनताका अगाडि गरेको सङ्कल्पलाई पूरा गर्न आफू दृढ इच्छाशक्तिका साथ लागिपरेको जानकारी दिँदै उनले परिस्थितिमा परिवर्तन ल्याउने अठोट गरियो भने मात्रै त्यसबाट सकारात्मक परिणाम हासिल हुने बताए ।

सामाजिक न्यायलाई सम्बोधन गर्ने लक्ष्यका साथ संविधानमा नै समाजवाद उन्मुख अर्थतन्त्र भनेर उल्लेख गरिएको निजी, सार्वजनिक र सहकारी क्षेत्रको समन्वयको विषयलाई जोड दिइएको प्रधानमन्त्री दाहालले स्पष्ट पारे । उनले तीन तहको सरकार स्थापना गरेर जनतालाई अधिकार सम्पन्न बनाउने प्रयत्न गरिएको उल्लेख गरे ।

सम्पूर्ण शक्ति सिंहदरबारमा केन्द्रित हुँदा जनताको नियन्त्रण, निगरानी हुन नसक्ने र सीमित वर्गको हातमा अधिकार रहँदा जनता निरीह हुने भएकाले तीन तहको सरकार निर्माण गरी जनतालाई अधिकार सम्पन्न बनाइएको समेत प्रधानमन्त्रीको भनाइ छ ।प्रधानमन्त्री दाहालले सङ्घीयता कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, कानुनको प्रबन्ध नगरीकन तथा त्यसको वस्तुनिष्ठ कार्यान्वयन नगरीकन नै आर्थिक रुपमा नेपालका लागि उपयुक्त भएन भनेर निष्कर्ष निकाल्नु गलत हुने बताए ।

आफूले सङ्घीयता कार्यान्वयनका लागि आवश्यक विधेयकलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिँदै प्रधानमन्त्रीले जनतामा गएको अधिकार खोस्ने कुरा गरियो भने त्यो दुर्भाग्य हुन जाने बताए ।

संविधानमा उल्लेख गरिएको मौलिक अधिकारको कार्यान्वयन इमान्दारीसाथ हुनुपर्ने र त्यसका लागि सबैको सोच बदलिनु जरुरी रहेको प्रधानमन्त्रीको भनाइ छ । उनले भने सोच बदल्ने कुराका निम्ति नै नयाँ ओरियन्टेसन आवश्यक छ ।

सरकारले संरचनागत परिवर्तनको विषयलाई प्राथमिकताका साथ अगाडि बढाएको र आफ्नै संयोजकत्वमा पुनः संरचना आयोग बनाएर कर्मचारीतन्त्रको पुनः संरचना ओभरस्टाफिङको अन्त्य तथा अनावश्यक संरचनाको खारेजी तथा समायोजनको प्रक्रिया सुरु गरिएको बताए ।

संरचनागत पुनः संरचना गरेर मात्रै वातावरणलाई सही दिशामा केन्द्रित गर्न सकिने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसका लागि सबैको सहयोग आवश्यक रहेको उल्लेख गरे । उनले मुलुकको प्राथमिकता के हो ? भन्नेमा पनि स्पष्ट हुनुपर्ने बताए । अमूर्त भाषामा धेरैले देशको प्राथमिकताका बारेमा बताए पनि ठोस रुपमा यही हो भन्ने अवस्था नभएकाले त्यसमा सुधारको जरुरी रहेको उनले बताए । नेपालको पहिलो प्राथमिकता कृषि नै भएको बताउँदै प्रधानमन्त्रीले त्यसमा आधारित उद्योगको विकास, त्यसका लागि अन्य आवश्यक प्रविधि, ज्ञान र सीपको प्रवर्द्धन भएको स्पष्ट पारे ।

कुनै समय खाद्यान्नमा आत्मनिर्भर भएको देश कसरी परनिर्भनर भयो भनेर खोजी गर्दै सकारात्मक दृष्टिकोणका साथ अठोट गरिए केही वर्षमा ठूलो प्रगति र विकास गर्न सकिने प्रधानमन्त्रीको भनाइ छ । निराश भएर बस्नेभन्दा सकारात्मक अठोट गर्नुपर्नेमा जोड दिँदै उनले पछिल्ला दुई महिनामा अर्थतन्त्रमा सकारात्मक सुधारको सङ्केत देखापरेको भए पनि त्यो स्थायी नभएको बताए ।प्रधानमन्त्री दाहालले भने हाम्रो आर्थिक सामाजिक अवस्थाको कुरा गर्दा 'अहिलेसम्म केही भएन, अब पनि केही हुँदैन' भन्ने निष्कर्ष ननिकालौँ । लामो समयसम्मको कुशासनबाट सिर्जना गरिएका संरचना, विधि, अभ्यास र सोच बदल्न केही समय लाग्छ नै ।

अर्थतन्त्रमा रहेको अनौपचारिक अंशलाई औपचारिक प्रणालीमा ल्याउने, तस्करी, अवैध कारोबार तथा राजस्व चुहावट रोक्ने दिशामा निर्ममतापूर्वक सरकार लागिपरेको र त्यसका लागि कार्ययोजना तयार पार्ने र लागू गरिने प्रधानमन्त्रीको भनाइ छ ।रासस

## शैक्षिक लगानीमा ........................................

खाडी मुलुक धाउन बाध्य छन् । श्रम जनशक्ति सर्भेका अनुसार उच्च शिक्षामा भर्ना भएका ९१.६ प्रतिशत जनशक्ति औपचारिक सेवा क्षेत्रमा प्रवेश गरेका छन् । उनीहरू सरकारी सेवा वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका साथै निजी क्षेत्रका संस्थामा कार्यरत छन् । उच्च शिक्षामा भर्ना कम भएसँगै अनौपचारिक क्षेत्रमा मजदुरी गर्ने बढिरहेका छन् भने औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति स्वाभाविकरूपमा घट्नेछन् । आर्थिक उपार्जनमा केन्द्रित सबै जनशक्तिलाई सूचीकृत गर्ने र उनीहरूको क्षमता विकासमा सहयोग गर्दा राज्यलाई पनि फाइदा पुग्छ । उनीहरूको आम्दानीबाट राजस्व संकलन र सरकारी खर्च व्यवस्थापनमा रचनात्मक सहयोग पुग्छ । उच्च शिक्षामा लगानी गर्ने हो भने अर्थतन्त्रको सबलीकरणमा पनि फाइदा पुग्ने छ । उच्च शिक्षा पढेकै जनशक्ति औपचारिक सेवा क्षेत्रमा क्रियाशील रहेको तथ्यले पनि यसलाई पुष्टि गर्छ । विकाससम्बन्धी अर्को अवधारणाले के भन्छ भने शिक्षित जनशक्तिले संस्थालाई बलियो मात्रै बनाउँदैन, अर्थतन्त्रमा योगदान गर्दै राज्यलाई पनि सहयोग पुर्याउँछ । त्यसैले आजकल दक्ष जनशक्ति उत्पादनमा धेरैले लगानी गरिरहेका छन् । औपचारिक सेवामा अवसर सिर्जना गर्दा त्यसले दक्ष जनशक्तिलाई रोजगारी मात्रै दिँदैन, त्यसबाट राज्यले पनि आर्जन गरिरहेको हुन्छ । तसर्थ, सबल अर्थतन्त्र र दिगो विकास सम्भव तुल्याउने हो भने शिक्षामा लगानी अपरिहार्य छ । (थापा, काठमाडौं विश्वविद्यालयका उपकूलपति हुन् । यो लेख, आर्थिक पत्रकार समाज(सेजन)को प्रकाशन, सेजन स्मारिका, अर्थनीति २०७९ बाट साभार गरिएको हो ।'

## आवास तथा खाद्य ........................................

बसोबास गरिरहेका चेपाङ परिवारहरूलाई उचित विकल्पको व्यवस्था नभएसम्म यथास्थानमा नै बसोबास गर्ने दिन २०७७ साउन १५ गते सर्वोच्च अदालतले अन्तरिम आदेश समेत जारी गरेको थियो । नियमावली बनाएर ऐनका व्यवस्था कार्यान्वयन गरिएको भए सतहमा आएका समस्याहरू विधि र प्रक्रियाअन्तर्गत सम्बोधन गर्ने वातावरण सिर्जना हुन सक्थ्यो। नियमावलीको अभावमा स्वेच्छाचारिता मौलाउँदै गएको र राज्यको विशेष संरक्षणको आश्यकता भएका चरम गरिबीको अवस्थामा बाँचेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यकहरूनै सरकारका निकायहरूको शत्रुतापूर्ण व्यवहारबाट प्रताडित हुने स्थिति सिर्जना भएको छ।

एकातर्फ संघीय सरकारले गठन गरेको राष्ट्रिय भूमि आयोगले भूमिसम्बन्धी ऐनको आठौं संशोधन अनुरुप भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको एकिन विवरण तयार गरी व्यवस्थापनका लागि काम गर्ने, अर्कोतिर संघीय सरकारकै निकायको रूपमा रहेको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति काठमाडौं महानगरपालिकाले त्यस्ता परिवारको पहिचान र व्यवस्थापनको प्रक्रियामा सहयोगी बन्ने भन्दा पनि हठात मानव वस्तीलाई डोजर लगाएर उजाड्ने दुस्प्रयास गरेको जगजाहेर छ। यो शासकीय विरोधाभाष र बेथितिको यो एउटा प्रतिनिधिमूलक उदाहरण मात्रै हो।

यस्तो स्थितिलाई अन्त्य गरेर संविधान र कानुनको मातहतमा सबैतहगत सरकारहरू चल्ने कुरा सुनिश्चित गर्ने संवैधानिक दायित्व संघीय सरकार मन्त्रीपरिषद् र यसका जिम्मेवार मन्त्रालयहरूको भए पनि त्यो भूमिको निर्वाह गर्ने सन्दर्भमा विगत देखि खडेरी नै देखिएको छ। यसतर्फ सरकारको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ।

संघीय संसदबाट जनहितमा ऐन बनाएर लागू भएको चार वर्षको लामो समय व्यतित हुँदा समेत ऐन कार्यान्वयनका लागि अपरिहार्य तथा आधारभूत पूर्वाधारको रूपमा ऐनले नै परिकल्पना गरिएका नियमावली बनाएर कार्यान्वयनमा ल्याउन समेत जानाजान सरकार चुक्नु संविधानप्रतिको अनादार हो। राज्यको यथोचित संरक्षणको दारकार भएका सीमान्तकृत, विपन्न, सुविधाविहीन र विपन्न सार्वभौम नेपाली जनताप्रतिको विश्वासघात हो। तसर्थ, अविलम्ब केही उपायहरू अवलम्बन गर्न नेपाल सरकारले ढिला गर्नु हुँदैन। मौलिक हक कार्यान्वयन गर्ने अपरिहार्य देखिएका ऐनबमोजिम बन्नुपर्ने खाद्य अधिकार तथा खाद्य सम्प्रभूता नियमावली र आवासको अधिकार सम्बन्धी नियमावली तर्जुमाको काम तत्काल हुनुपर्दछ।

नियमावली बने पश्चात ठोस कार्ययोजना, बजेट, कार्यक्रम तथा संस्थागत प्रबन्धको माध्यमबाट ऐन बमोजिम कार्यान्वयनमा लानुपर्ने विषयहरूलाई तदारुकता साथ कार्यान्वयनमा लगेर कोही पनि खाद्य असूरक्षा वा भोकमरीको जोखिममा नहुने, राज्यकै व्यहारका कारण भूमिहिन सुकुम्बासी परिवार आवासविहीनता वा उठिवासको जाखिममा नपरी शान्तिपूर्वक र मानवीय मर्यादायूक्त जीवनयापन गर्नसक्ने वातावरण सिर्जना गर्ने काम सरकारले गरोस। यस्तै,खाद्य अधिकार र सामाजिक आवासको अधिकार, सामाजिक न्यायको हक लगायतका आर्थिक सामाजिक हक कार्यान्वयन अवस्थाको यथोचित समीक्षा तथा मुल्यांकन गरेरे प्रभावकारी कार्यान्वयनका अवरोधहरू पहिचान गरी उपायहरू सुझाउन आवश्यक परे विज्ञ कार्यदल व संयन्त्र परिचालन गर्न सकिन्छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक हकहरू नै संविधानमा अंकित भएको अवस्थामा समेत शासकीय अभिभारा बोकेका पदाधिकारी तथा निकायहरूनै भुँईतहका जनताप्रति संवेदनशील नहुने, उल्टो निर्मोही, निर्दयी हुने र उनीहरूको मानवीय मर्यादामा अतिक्रमण गर्न पछि नपर्ने दुर्भाग्यपूणा स्थिति अन्त्य हुनुपर्दछ।

(१० जना अधिवक्ताले प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा आधारित आलेख। श्रोतः आइएनएस(स्वतन्त्र समाचार)

# सन्तपुरमा निःशुल्क चर्म रोग शिविर



आरके श्रीवास्तव

गरुडा,२९ माघ।रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिकाको सन्तपुरमा निःशुल्क चर्म रोग शिविर सञ्चालन भएको छ । सो नगरपालिकाको वडा नम्बर ५ स्थित रहेको श्री प्राथमिक बिधालयको प्रांगणमा शनिवारदेखि दुइ दिने शिविर लगाईएको हो । एक कार्यक्रमका बिच कार्यवाहक नगरप्रमुख अमबेया खातुनले सो शिविरको उदघाटन गरेका थिए ।

फतुवा बिजयपुर नगरपालिकाको आयोजनामा शनिवार निःशुल्क चर्म रोग शिविर लगाइएको हो । कार्यवाहक नगरप्रमुख खातुनको विशेष पहलमा सो शिविर सञ्चालन भइरहेको छ ।

सो शिविरमा ३ सय १० जनाको परीक्षण गरिएको छ । शिविरबाट अति गरिब, विपन्न, दलित तथा पछाडि परेका समुदायको नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यवाहक नगर प्रमुख खातुनको भनाइ छ। सो शिविरमा एनएमसीको डा. निर्मल प्रियदर्शी, डा.सौरभ सिंहले चेकजाँच गरेका थिए ।

सो शिविरमा जिल्ला स्वास्थ्य कार्यालय रौतहटका प्रमुख सुरेश यादव, हरेन्द्र गुप्ता, प्रफुल मिश्रा ,फतुवा बिजयपुर नपाका स्वास्थ्य संयोजक रघुनाथ गुप्ता,स्वास्थ्य चौकी शितलपुरका कार्यालय प्रमुख रमेश यादव,प्रमोद कुशवाहा, प्रदेश सांसद प्रत्यासी मो.शेराज लगायतले बिरामीको आँखा परीक्षणमा सहजीकरण गरेका थिए ।

## सम्झौता हुननसकेका.................................

गर्नुपर्छ' शेषनारायण भन्छन् ' बजेट अभाव नभई नयाँ बनेका मन्त्रीहरुले पछिल्लो सरकारका मन्त्रीहरु फरक पार्टीको भएका कारणले तिनीहरुप्रति जनतामा नकारात्मक असर पार्न सुनियोजित रुपमा राजनीतिक षडयन्त्र गरिएको छ र यसले द्वन्द श्रृजर्ना गर्ने छ ।' जनताको सेवा गर्ने उद्देश्यले मन्त्री बनेकाहरुको लिंदै आएको अनावश्यक सेवा सुविधा कटौती नगरी विकास निर्माणको योजना रोक्का गर्नुका पछाडि उनीहरुको नियतमाथि प्रश्न उठेको शेषनारायण बताउँछन् । 'छुट भएका योजनाको रकम भुक्तानीका लागि बढीमा एक अर्ब होला' शेषनारायण भन्छन् ' त्यति रकम त पदाधिकारीहरु तथा कर्मचारीहरुको महंगी, भ्रमण लगायतका भत्ता, तालिम तथा सस्तो लोकप्रियताका लागि संचालित स्वच्छता अभियान अन्तर्गत योजना, अनावश्यक रुपमा गठन गरिएका जनलोकपाल जस्ता निकायहरुको खर्च कटौती गरेर भुक्तानी गर्न सकिन्छ ।' समाजलाई आवश्यकता भएका र प्रत्यक्ष प्रभाव पार्ने विकास निर्माणको योजना रोक्का गर्नु लोकतान्त्रिक चरित्र भएको टिप्पणी उनको छ । अर्थ विश्लेषक डा. सुरेन्द्र लाभ विकास निर्माणको बजेट कटौती हुनलाई उचित मान्दैनन् ।'आर्थिक संकुचन भएको भन्दै अनावश्यक खर्चमा कटौती गर्नु सहि हो तर विकास निर्माणको योजनाहरु रोक्का गर्नु गलत हो' लाभ भन्छन् ' बजार चलयमान छ, जति विकास निर्माणको योजना कार्यान्वयनमा आउंछ प्रदेशलाई उतिकै फाइदा हुन्छ तर रोक्का गरिदिंदा प्रदेशकै बजारमा आर्थिक संकुचन आउने सम्भावना बढछ् ।' लाभका अनुसार प्रदेश सरकारलाई आर्थिक संकुचन नै भयो श्रोत व्यवस्थापनमा जुटाउनुपर्‍यो, उत्पादनमुखी, कृषिजन्य र विकास निर्माणलाई तिव्रता दिनुपर्छ यसले आर्थिक वृद्धि हुन्छ । तर योजना नै रोक्का गर्दा थप संकटमा सरकार फंस्न सक्ने सम्भावना बढछ् ।

यता अर्थमन्त्रालयका सचिव गजेन्द्र ठाकुरले अनुमानित बजेट संकलन हुन नसकेको, केन्द्रिय सरकारबाट प्राप्त हुने अनुदान अहिलेसम्म ३२.५ प्रतिशत मात्र प्राप्त भएकाले आएको आर्थिक संकुचनले केन्द्रिय सरकारको निर्देशन बमोजिम विभिन्न शिर्षकमा खर्च कटौती सहित सम्झौता हुन नसकेका, सम्झौता भएपनि संचालनमा नआएका र समाजलाई प्रत्यक्ष असर नपार्ने खालका फुटकर योजनाहरु रोक्का गरिएको बताए ।

'केन्द्रिय सरकारमै आर्थिक संकुचन आएकाले दोश्रो चौमासिकसम्म हामीले साढे १३ अर्ब रुपैया पाइसक्नु पर्थ्यो तर हालसम्म ६ अर्ब मात्र पाएका छौं' ठाकुर भन्छन् 'राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम आउनसक्ने अवस्था समेत नरहेकाले सबै योजना कार्यान्वयन गरियो भने गत वर्ष झै रकम भुक्तानी हुन नसक्दा समस्या आउनसक्ने भएकाले केन्द्रिय अर्थ मन्त्रालयको निर्देशनानुसार नै हामीले त्यस्ता योजनाहरु रोक्का गरेका छौं ।'माघ २३ गते भएको मन्त्रीस्तरीय निर्णय अनुसार अर्थ मन्त्रालयले सबै मन्त्रालय, सचिवालय, आयोग, कार्यालय तथा निकायहरुलाई विनियोजित बजेट मध्ये खर्च हुन नसकेका विभिन्न २७ वटा शीर्षकको बजेटमा २० प्रतिशत रकम कटौती गर्न निर्देशन दिएको छ । अर्थ मन्त्रालयले अन्य भत्ता, इन्धन, सवारी साधन मरम्मत सम्भार, मेशनरी तथा औजार, निर्मित सार्वजनिक सम्पतिको मरम्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री, पत्रपत्रिकार छपाई तथा सूचना प्रकाशन, कर्मचारी तालिम खर्च, सीप विकास तथा जनचेतनामूलक तालिम गोष्ठी, उत्पादन सामाग्री खर्च, भ्रमण खर्च, सार्वजनिक निर्माण तथा निर्मित भवनको संरचनात्मक सुधार लगायतका खर्चमा २० प्रतिशत कटौती गर्न निर्देशन गरेको छ ।

त्यस्तै स्वीकृत बजेट तथा कार्यक्रमको रकम रकमान्तर गर्न नपाउने, खरीद प्रक्रिया प्रारम्भ नभएका आयोजनाको हकमा अर्थमन्त्रालयसँग स्वीकृति र सहमतिमा मात्र गर्ने, सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला स्थगित गर्ने, फर्निचर तथा नयाँ सवारी साधन खरीद नगर्ने आर्थिक सहायता प्रदान नगर्ने लगायतका निर्देशन छन् । यदि कुनै काम गर्नै पर्यो भने मन्त्रालयको पुर्व स्वीकृति लिनुपर्ने सहितका निर्देशन सम्बन्धित कार्यालयहरुलाई दिइएको छ ।

## राजर्षि जनक कप

# साविक विजेता पिप्लेलाइ हराउँदै, जावलाखेल विजयी

घनश्याम बलम्पाकी
सर्लाही, २९ माघ



साविक विजेता पिप्ले यूवा क्लव हेटौडालाई स्तब्द पार्दै जावला खेल यूथ क्वल काठमाण्डौ जारी सातौँ राजर्षि जनक कपको सोमिफाईनलमा प्रवेश गरेको छ।
आईतवार सम्पन्न खेलको जावलाखेल यूथ क्लव काठमाण्डौले साविक विजेता पिप्ले यूवा क्लव हेटौडालाई ३-२ गोल अन्तरले पराजित गरेको हो । खेलको पहिलो हाफमा १-० को अग्रता कायम गरेको जावला खेलले दोस्रो हाफमा थप २ गोल गर्न सफल भयो। खेलको दोस्रो हाफमा केही सुधारिएको प्रदर्शन गरेको पिप्ले यूवा क्लवले २ गोल फर्काए पनि हार भने टार्न सकेन।
जावला खेलको अग्रताका लागि खेलको १५ औँ मिनेटमा बिशाल तामाङले पहिलो गोल गरेका थिए। सुनिल खड्काको क्रस पासलाई बिशाल तामाङले गोलपोष्टको जाली चुमाएका थिए। पहिलो हाफ १-० को अवस्थामा सकिएको खेलको दोस्रो हाफमा पनि जावलाखेलले लगातार अग्रता बढाएको थियो । खेलको ६२ औँ मिनेटमा पिप्लेका डिवास उराउको क्रसपासमा बिश्वा लामाले गोल गर्दै खेल १-१ गोलको बराबरी अवस्था पुर्‍याए । त्यसको ५ मिनेटमै अर्थात खेलको ७७ औँ मिनेटमा जावलाखेलका लागि बिनोद केसीले टिमका लागि दोस्रो गोल गर्दै पुनः अग्रता दिलाएका थिए। केसीले समिराज थोकरको क्रस पासमा आकर्षक हेड मार्फत गोल गरेका थिए । भने, खेलको अतिरिक्त समयमा जावलाखेलका हिसुव थपलियाले टिमका लागि तेस्रो गोल गरे।
पिप्लेका सम्पुर्ण खेलाडि जावलाखेलको डिबक्समा पुगेको अवसरलाई सदुपयोग गर्दै हिसुव थपलिया पिप्लेका खेलाडिलाई बिट गर्दे गोल गर्न सफल भएका थिए । हिसुवको गोल सगैँ ३-१ को अवस्थामा पुगेको जावलाखेलका खेलाडिले फउल गरेपछि पिप्लेले डि बक्स नजिकैबाट फ्रिकिक पाएको थियो। उक्त अवसरलाई पिप्लेका डोना थापाले कुनै गल्ती नगरी गोलमा परिणत गरिदिए संगै जावलाखेल ३-२ गोलको अन्तरले पिप्लेलाइ हराउँदै आइतवारको खेलमा जित निकाल्न सफल भए।
आज भएको खेलको म्यान अफ दि म्याच जावलाखेलका जर्सि नम्बर २ का सिमान्त थापा घोषित भए । उनले नगद १० हजार नगद पुरसकार पाए । सोमवारको खेल सुदुरपश्चिम ११ धनगढी र चर्चव्वाइज ललितपुर वीच हुने आयोजकले जनाएको छ । सर्लाहीको बागमाती नगरपालिका-११ कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा जारी प्रतियोगितामा एक विदेशी क्लब सहित १२ वटा टिम सहभागि प्रतियोगिताका विजेताले नगद १० लाख सहित प्रथम उपाधी प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछ 'मधेश प्रदेशको शान, राजा जनक प्रतिको सम्मान' भन्ने नारा सहित सूरु भएको प्रतियोगिताको आगामी फागुन ७ गते फाईनल खेल हुने आयोजक बागमती क्लबका अध्यक्ष मैनालीले जानकारी दिए।

# हक्की प्रतियोगिताको उपाधि आर्मीलाई



जनकपुरधाम, २९ माघ
धनुषाको मिथिला नगरपालिका नक्टाझिजमा आयोजित पाँचौँ संस्करणको सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल आर्मीले जितेको छ।
शनिबार सम्पन्न फाइनल खेलमा लुम्बिनी प्रदेशलाई २-१ ले पराजित गर्दै आर्मीले चौथोपटक उपाधि उचालेको हो।
आर्मीका लागि खेलको १७औँ मिनेटमा सीतामाया वलले पहिलो गोल गरेकी थिइन् । खेलको ५२ औँ मिनेटमा आर्मीका सरस्वती तामाङले दोस्रो गोल गरिन् । लुम्बिनीका लागि अनन्या वर्नवालले खेलको सुरुआती गोल गरे पनि अन्य खेलाडीले दोहोरो गोल गर्न सकेनन्।
प्रतियोगिताका विजेता विभागीय टोली आर्मीले प्रथमको शिल्ड उचाल्दै रु ७५ हजार नगद, मेडलसहित प्रमाणपत्र हात पार्न सफल भएको छ भने उपविजेता लुम्बिनी प्रदेशले रु ४० हजार नगद, मेडलसहित प्रमाणपत्र प्राप्त गरेको स्थानीय प्रतियोगिता संयोजक अरुणकुमार महतोले बताए । त्यसैगरी तृतीय स्थान हासिल गरेको मधेस प्रदेशलाई समेत रु २५ हजार नगद, मेडलसहित प्रमाणपत्र प्रदान गरिएको छ । यस्तै पाँचौँ संस्करणको सो प्रतियोगिताको बेस्ट खेलाडीको उपाधि उदियमान खेलाडी मधेस प्रदेशका अञ्जलीकुमारी महतोलाई प्रदान गरिएको छ।
यस्तै बेस्ट स्कोरर नेपाल आर्मीका कमला चन्द, उत्कृष्ट रक्षक आर्मीकै हिमाली थापा, उत्कृष्ट गोलरक्षक लुम्बिनी प्रदेशका प्रतिमा सरोज र प्लेयर अफ द टुर्नामेन्टको उपाधि लुम्बिनी प्रदेशकै पूजा कुमारीलाई प्रदान गरिएको प्रतियोगिताका निर्णायक बाबुराम नेपालले जानकारी दिए । पाँचवटा संस्करणमा चारवटाको उपाधि आर्मीको पोल्टामा गएको छ। पहिलो संस्करण आर्मीको टोलीले जितेको थियो भने दोस्रो संस्करणको उपाधि लुम्बिनी प्रदेशले हात पारेको थियो । त्यस्तै तेस्रो र चौथो संस्करणको उपाधि पनि विभागीय टोली आर्मीले जितेको छ । प्रतियोगिताका विजेता टिमलाई समापन समारोहका मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोले पुरस्कार तथा ट्रफीसहित प्रमाणपत्र वितरण गरेका छन।
धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजस्थित हिमालय युवा क्लबको खेलमैदानमा यही माघ २३ गतेदेखि भएको प्रतियोगिता माघ २८ गते समापन भएको थियो। प्रतियोगितामा १३ खेल भएको थियो। नेपाल हक्की सङ्घ र मिथिला नगरपालिकाले संयुक्तरूपमा प्रतियोगिताको आयोजना गरेका थिए ।रासस

# टर्की र सिरियाका दशौँ लाख भूकम्पपीडित सहयोगको प्रतीक्षामा

टर्कीए, २९ माघ



टर्कीए र सिरियाका दशौँ लाख भूकम्पपीडित सहयोगको प्रतीक्षा गरिरहेका छन्भने प्रतिकूल मौसमको पर्वाह नगरी दशौँ हजार उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका छन्।
निराशा र महाविनाशका बीच उद्धारकर्मीहरूले आइतवार बिहान सात महिनाको एक शिशु र अर्की एक किशोरीलाई भग्नावशेषबाट जीवितै उद्धार गरेका छन् । शनिबार पनि एक ७० वर्षीयालाई जीवितै उद्धार गरिएको थियो। भूकम्पको करिब एक सातापछि पीडितहरूलाई जीवित उद्धार गर्न सफल भएकामा उनीहरूले त्यसलाई चमत्कार भन्दै हर्ष प्रकट गरेका छन्।
दक्षिणी टर्कीएमा केही परिवार हराइरहेका आफ्ना परिवारको खोजीमा उद्धारकर्मीसँगै जुटेका छन्। शोकाकुल अर्को परिवार चिहानमा परिणत खेतमा बिलौना गरिरहेको छ । उक्त खेतमा हजारौँ शव व्यवस्थापन गरिएको छ।
सुरक्षाको कारण देखाउँदै केही सहायता निकायले राहत सामग्री वितरण रोकेपछि दर्जनौँलाई लुटपाट मच्चाएको अभियोगमा पक्राउ गरिएको सरकारी समाचार समितिले जनाएको छ। जर्मनी र अष्ट्रेलियाले शनिबार केही स्थानमा राहत सामग्री वितरण स्थगन गरेका थिए । केही ठाउँमा झडप पनि भएको थियो।

भूकम्पबाट दुई करोड छब्बीस लाख प्रभावित

कहरामनमारसलाई केन्द्रविन्दु बनाएर भएको सात दशमलव आठ म्याग्निच्युडको पहिलो भूकम्प र त्यसको केही क्षणपछि त्यति नै शक्तिशाली अर्को कम्पबाट तहसनहस भएको टर्कीए र सिरियाका दुई करोड छब्बीस लाख मानिस प्रभावित भएका छन्।
संयुक्त राष्ट्रसङ्घले टर्कीए र सिरियाका आठ लाख ७० हजार भूकम्पपीडितलाई तत्काल तातो खाना आवश्यक परेको बताएको छ । उक्त विश्व संस्थाले सिरियामा ५३ लाख मानिस घरवारविहीन भएका अनुमान गरेको छ। भूकम्पले दर्जनौँ अस्पताल ध्वस्त भएका छन्।
टर्कीएको विपद् व्यवस्थापन निकायले देशका विभिन्न सामाजिक संस्थाका ३२ हजारभन्दा बढी स्वयम्सेवकका साथै आठ हजार दुई सय ९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्मी खोज तथा उद्धारमा जुटेका जनाएको छ।
टर्कीएको गाजिन्टेपका चमेनागृहमा हजारौँ स्वयम्सेवक भूकम्पपीडितलाई खुवाउन हरसंभव सहयोग गरिरहेका छन्। आफ्नो गाडीलाई नै शयन कक्षमा परिणत गरेर केही स्वयम्सेवक सेवामा तल्लीन छन्।
संयुक्त राष्ट्रसङ्घले कुर्दिश लडाकु र सिरियाली विद्रोही सक्रिय रहेका क्षेत्रमा मानवीय सहायता परिचालनमा अवरोध नगर्न आह्वान गरेको छ । साथै उक्त संस्थाले मानवीय सहयोग परिचलानमा सघाउन आग्रह पनि गरेको छ । राहत सामग्री ढुवानीका लागि पैतीस वर्षपछि आर्मेनिया र टर्कीएबीचको बाटो पनि खोलिएको छ। शनिबारदेखि उक्त बाटो सञ्चालनमा आएको हो।

एलेप्पोमा चिकित्सा सहयोग

सहयोग वर्षौँको आन्तरिक द्वन्द्वका कारण कमजोर रहेको सिरियाको स्वास्थ्य सेवा प्रणाली नाजुक छ। त्यहाँ स्वास्थ्यलगायत राहत सामग्री परिचालनमा पनि विलम्ब भएको छ । विश्व स्वास्थ्य सङ्गठनका प्रमुख आपत्कालीन स्वास्थ्य सामग्री र उपकरण लिएर भूकम्प प्रभावित एलेप्पो पुगेका छन् । उनले भूकम्पबाट मातापिता तथा अभिभावक गुमाएका बालबालिकालाई भेटेका छन्।
सिरिया सरकारले पनि भूकम्प प्रभावित विद्रोही नियन्त्रित क्षेत्रमा मानवीय सहायता सामग्री ढुवानीको अनुमति दिएको छ । राजधानी दमास्कसमा विभिन्न देशबाट राहत सामग्री लिएर ५७ वटा विमान अवतरण गरेका त्यहाँका यातायातमन्त्रीले बताएका छन्।
टर्कीएले पनि सिरियासँगका दुई वटा नयाँ सीमा नाका खोल्ने बताएको छ । यसअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सुरक्षा परिषद्लाई टर्कीए र सिरियाबीचका सीमा नाका खोल्ने अनुमतिका निम्ति आग्रह गरेका थिए।

जनमानसमा आक्रोश

भूकम्पमा घर, परिवारसँगै सर्वस्व गुमाएका पीडित गुणस्तरहीन भवन निर्माता तथा सरकारीस्तरका उद्धार तथा राहतमा विलम्ब भएकामा जनसाधारण आक्रोशित भएका छन् । अधिकारीहरूका अनुसार १२ हजार एक सय ४१ भवन भत्केका वा गम्भीर रूपमा क्षतिग्रस्त भएका छन्।
टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कयौँ निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन्।
सिरियाका भूकम्प प्रभावित क्षेत्रमा खाना, पानी, बस्नेस्थान, उपकरण केही नभएकाले सेवा प्रवाह हुन नसकेको चिकित्सकहरूले बताएका छन् । सिरियाका स्वास्थ्यमन्त्री हसन अल गब्बासले संयुक्त राष्ट्र सङ्घ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति र अन्य अन्तर ाष्ट्रिय संस्थाहरूलाई सहयोगका निम्ति आह्वान गरेका छन।
रेडक्रसको अन्तर्राष्ट्रिय समितिले सिरियन रेड क्रिसेन्टलाई आपतकालीन मानवीय सहायतास्वरुप दुई लाख अमेरिकी डलर नगद उपलब्ध गराएको छ । साथै समितले भूकम्प प्रभावित क्षेत्रमा थप सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ।
सिरियाका लागि युरोपेली सङ्घका राजदूतले भूकम्पपीडितलाई सङ्घले पर्याप्त सहयोग नगरेको आरोपको खण्डन गरेका छन्। भूकम्प प्रभावित दुवै देशका लागि पर्याप्त सहयोग उपलव्ध गराउन सङ्घ असफल भएको आरोप लगाउनु उचित नभएको उनले बताएका छन् । एक दशकभन्दा लामो समयदेखि सङ्घले सिरियालाई निरन्तर सहयोग गर्दै आएको तथा भूकम्पले सृजना गरेको सङ्कटको यो घडीमा अझ बढी सहायता सिरियाका निम्ति परिचालन गरिएको दाबी उनले गरेका छन्।
विश्व ब्याङ्कले एक अर्ब ७८ करोड अमेरिकी डलर राहत सहायता उपलव्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले अन्तर्राष्ट्रिय समुदायलाई टर्कीएका भूकम्पपीडितका लागि थप आर्थिक सहायता उपलव्ध गराउन आह्वान गरेका छन । साथै उनले आगामी साता टर्कीए र सिरियाका निम्ति आर्थिक सहायता जुटाउन दातृ निकायको सम्मेलन आयोजना गर्ने घोषणा गरेका छन।
उद्धारकर्मीहरूले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार सिरिया र टर्कीएमा २९ हजार एक सय १७ जनाको मृत्यु भएको छ। टर्कीएमा २४ हजार छ सय १७ जना तथा सिरियामा चार हजार पाँच सय जनाले ज्यान गुमाएका छन् । संयुक्त राष्ट्रसङ्घले महाभूकम्पबाट ५० हजारले ज्यान गुमाएका अनुमान गरेको छ । गत सोमबारदेखि आइतवारसम्म टर्कीएमा दुई हजार तीन सय ५६ परकम्प महसुस गरिएको छ । टर्की भूकम्पः अट्ठाइस हजारभन्दा बढीको मृत्यु टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत सोमबार भएको भूकम्पमा परी २८ हजार एक सय ९२ जनाको मृत्यु भएको छभने हजारौँ घाइते भएका छन् । टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर सात दशमलव आठ म्याग्निच्युडको भूकम्पबाट दश वटा प्रान्तमा अकल्पनीय क्षति भएको छ।
हालसम्म टर्कीएमा २४ हजार छ सय १७ जनाले ज्यान गुमाएका उपराष्ट्रपति फुवाट ओक्टेले बताउनुभएको छ । सिरियामा तीन हजार पाँच सय ७५ जनाको ज्यान गएको छ । सरकार नियन्त्रित क्षेत्रमा एक हजार चार सय आठ जना तथा विद्रोहीको पकड भएका भूभागमा दुई हजार एक सय ६७ जनाको मृत्यु भएको उद्धारमा संलग्न स्वयम्सेवी संस्थाका प्रतिनिधिहरूले बताएका छन्।
विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियमा उद्धारका काम समाप्त भएको जनाउँदै स्यम्सेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन्। सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको बताए पनि त्यससम्बन्धी वास्तविक विवरण दिएको छैन।
इटालीका रक्षामन्त्री गुइडो क्रोसेटोले सिरियाली भूकम्पपीडितलाई सहायता सामग्री बेरुतको लेबनानबाट परिचालन गरिएको बताउनुभएको छ । रेडक्रस र रेडक्रिसेन्टलगायत अन्तर्राष्ट्रिय परोपकारी संस्थामार्फत राहत सामग्री वितरण गरिने जानकारी उहाँले दिनुभएको छ।
भैँचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीएमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने केही संस्थाले सुरक्षाका कारण खोज तथा उद्धारका काम रोकेका छन् । टर्कीए सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कयौँ निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश गरेका छन्।
ग्रीसका विदेशमन्त्री टर्कीको भ्रमणमा
गत सोमबारको भूकम्पबाट क्षतविक्षत भएको टर्कीए सरकार तथा त्यहाँका जनताप्रति ऐक्यबद्धता जनाउन ग्रीसका विदेशमन्त्री निकोस डेन्डिया टर्कीए भ्रमणमा जानुभएको छ।
हेलिकप्टरबाट टर्कीएको भूमिमा ओर्लदाँ उहाँलाई टर्कीएका उहाँका समकक्षी मेभलुत काभुसोग्लुले स्वागत गर्नुभयो । लामो समयदेखि दुवै देशबीच प्रतिद्वन्द्वता रहे पनि प्राकृतिक विपत्तिको यो विषम परिस्थितिमा सहयोग गर्न ग्रीसका विदेशमन्त्री टर्कीए जानुभएको हो । भूकम्प प्रभावित क्षेत्रको पनि उहाँले भ्रमण गर्ने कार्यक्रम छ। ग्रीसका विदेशमन्त्री डेन्डिया भूकम्पपछि टर्कीएको भ्रमण गर्ने युरोपेली मुलुकको पहिलो मन्त्री हुनुहुन्छ । ग्रीसका उद्धारकर्मीले खोज तथा उद्धारमा सहयोग गरिरहेका अन्टाक्याका केही स्थानमा दुवै देशका मन्त्री पुगेका छन् । ग्रीसले धेरै राहत सामग्री टर्कीएलाई उपलव्धगराएको छ। हालसम्म उसले ८० टन औषधि तथा प्राथमिक उपचारका सामग्री प्रदान गरिसकेको छ। टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा गत सोमबार भएको भूकम्पमा परी २९ हजार एक सय १७ जनाको मृत्यु भएको छभने हजारौँ घाइते भएका छन् । टर्कीएमा २४ हजार छ सय १७ जनाको ज्यान गएको छ भने सिरियामा चार हजार पाँच सय जना मारिएका छन्। (रासस /एएफपी)

# खेलाडी छन्, खेलमैदान छैन

ढोरपाटन, २९ माघ
कला, संस्कृति र परम्परासँगै खेल क्षेत्रमा पनि बागलुङमा अब्बल छ । खासगरी यहाँ भलिबल खेल बढी प्रचलनमा हुँदा बालबालिकादेखि युवाहरू यही खेल खेल्दै आएका छन् । चाडपर्व, मेला-महोत्सव आयो कि बजारदेखि गाउँसम्म ठूला-ठूला पुरस्कार राशिको खेलकुद प्रतियोगिता हुन्छन् । खेलप्रति धेरैको चासो र रुचि पनि देखिन्छ । तर जिल्लाका अधिकांश ठाउँमा उपयुक्त खेलमैदान छैन । भए पनि साँघुरा छन्।
उपयुक्त खेलमैदान नहुँदा पनि खेलाडी उत्पादन भइरहेका छन् । उनीहरू साँघुरा घरको आँगन, बारीको पाटो तथा विद्यालयको प्राङ्गणमा खेल्दै आएका छन् । खेल खेल्ने पर्याप्त वातावरण नहुँदा कतिले खेल क्षेत्रबाट पनि हात धुनुपरेको छ । त कति विदेशिनुपरेको छ । त्यही साँघुरो बारीमा खेल्दै हुर्किएका दर्जनौँ खेलाडी अहिले राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरका खेल खेलिरहेका छन्। उनीहरूले आफ्नो पहिचानलाई थप उचो बनाएका छन्।
बागलुङबाट रवि केसी, दिल सुनार, सुनिल घर्ती, दुर्गाबहादुर सुनार, सोफया पुनलगायत दर्जनौँ खेलाडीले राष्ट्रियस्तरमा आफ्नो पहिचना स्थापित गराउन गर्न सफल भइसकेका छन् । अहिले पनि उनीहरुकै पछि-पछि सयौँ बालबालिका तथा युवा भलिबल र फुटबल खेल्दै आएका छन् । खेलमैदान अभावमा गुज्रिएका सयौँ खेलाडी अहिले पनि माथिल्लोस्तरको खेल कसरी खेल्न सकिन्छ भन्ने अन्योलमा छन्। राम्रो प्रशिक्षक र खेलमैदान नहुँदा राम्रो खेल्ने खेलाडी पनि गाउँमै सीमित बन्नुपरेको भलिबल खेलका अन्तर्राष्ट्रिय खेलाडी दिल सुनारले बताए । निसीखोला गाउँपालिका-१ का सुनारले विगतमा आफू पाटाको कुना, खोला किनारमा खेल्दै सिकेको स्मरण गर्दै अहिले पनि खेल क्षेत्रको अवस्था निकै दयनीय भएको बताए। पछिल्लो समय तीन तहकै सरकारले खेल क्षेत्रको प्रवर्द्धनका लागि बजेट व्यवस्थापन गरे पनि सही ठाउँमा प्रयोग हुन नसकेको सुनार बताउछन। अहिले पनि राज्यको खेलप्रति हेरिने दृष्टिकोण फेरिन नसकेको उनको भनाइ छ।
उनी भन्छन ,खेल क्षेत्रमा अहिलेका पुस्तामा निकै ठूलो क्रेज छ, यो क्षेत्र निकै गौरव गर्न लायक क्षेत्र पनि हो, तर उपेक्षामा परेको जस्तो लाग्छ, अहिले पनि नयाँ-नयाँ सम्भावना बोकेका खेलाडी उत्पादन भइरहेका छन्, खेल्ने राम्रो वातावरण भएको भए उनीहरू देशमा मात्रै होइन, विदेशमा पनि छवि कमाउन सक्थे । बडिगाडका नवीनकुमार घर्तीले गाउँघरमा खेल धेरै खेल्ने गरे पनि मैदानकै अभाव भोग्नुपरेको सुनाउनुभयो।
घर्तीले समथर खेलमैदान नहुँदा काठ, ढुङ्गामुडामाथि खेल खेल्नुपर्ने स्थिति रहेको गुनासो पोखे। ग्रामीण क्षेत्र निकै भिराला र अप्ठ्यारा हुँदा खेल खेल्नसमेत जोखिम रहेको घर्तीको भनाइ छ।
उनी भन्छन ,स्कुलमा हो सबैभन्दा बढी खेल खेल्ने, दिउँसो पढाइ हुन्छ, बिहान-बेलुकी पर्याप्त समय हुँदैन, गाउँमा खेल्ने त उही मेला महोत्सवमा हुने प्रतियोगितामै हो, अरु समय त ठाउँ पनि हुँदैन, समय पनि त्यस्तै हुन्छ। जिल्लाको बागलुङ नगरपालिका-१ स्थित बाङ्गेचौर, वडा नं ९ को भकुण्डे, काठेखोला गाउँपालिका-७ रेश र तमानखोला गाउँपालिका-३ तमानगाउँमा बाहेक अन्य ठाउँमा पर्याप्त खेलमैदान छैनन्। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुमार खड्काले सरकारले जिल्लाका खेलकुदसम्बद्ध सङ्घसंस्थासँग सहकार्य नगरी बजेट विनियोजन गर्दा सही ठाउँमा प्रयोग हुन नसकेको बताए ।
उनी भन्छन , बजेट कहाँ छ ?, कहाँबाट कति आउँछ, यसबारेमा खेलकुद विकास समितिलाई थाहै हुँदैन, खेलाडीको धेरै गुनासो खेलमैदानकै भएको हुँदा पछिल्लो समय हामीहरूले यसबारेमा जानकारी लिन थालेका छौँ ।रासस

# मालपोत पर्सामा प्रमुख नहुँदा सेवाग्राही प्रभावित

मधेशदृष्टि
वीरगंज, २९ माघ।



जिल्ला मालपोत कार्यालय पर्सामा लामो समय देखि कार्यालय प्रमुख नहुँदा सेवाग्राही प्रभावित भएका छन । गत माघ २० गते शुक्रवार देखि जिल्ला मातपोत कार्यालय पर्सा कार्यालय प्रमुख विहिन छ । कार्यालयमा श्रेस्ता कायम गर्ने काम बाहेक सम्पूर्ण काम ठप्प रहेको छ । मालपोत कार्यालय पर्साका तत्कालिन निमित्त कार्यालय प्रमुख कामोद तिवारी सहित तिन जना कर्मचारीलाई जग्गा नामसारी गर्दा अख्तियार दुरुपायोग गरी भ्रष्टाचार गरेको ठहरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निलम्बन गरेपछि मालपोत कार्यालय प्रमुख विहिन बनेको छ। हाल मालपोत कार्यालय पर्सा तिन जना नासुको भरमा चलेको छ । कार्यालयमा जग्गाको श्रेस्ता कायम गर्ने बाहेक अन्य सेवा ठप्पको अवस्थामा रहेको छ । सो कार्यालयबाट प्रदान हुने जग्गाको हाल सावी दाखिला खारेज, जग्गा धनीको नाम संशोधन लगायतका सेवाहरु ठप्प भएकाले सेवाग्राही मर्कामा पर्दै आएका छन । निलम्वनमा परेका निमित्त कार्यालय प्रमुख तिवारी अगाडीका कार्यालय प्रमुख खम बहादुर विक पनि भ्रष्टाचार मुद्दामा अख्तियारद्वारा कारवाही परि निलम्न भएकाले जिल्ला मालपोत कार्यालय पर्साको प्रमुख भएर कोही पनि आउन नचाहेको मालपोत कार्यालय पर्साकै कर्मचारीहरुले बताएका छन।

घर जग्गाको सम्बन्धी जनताको महत्वपूर्ण कार्यालयमा कार्यालय प्रमुख नहुँदा सेवाग्राहीले सास्ती खेप्नु परेकोले कार्यालय प्रमुखको व्यवस्था गर्न नागरिक अगुवाहरुले माग गरेका छन।

# सिटी मार्केटमा आगलागी हुँदा ७० लाख भन्दा बढिको क्षती

मधेशदृष्टि
वीरगंज, २९ माघ।



बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जीतपुर बजारमा रहेको सिटी मार्केटमा आगलागी हुँदा ७० लाख भन्दा बढीको क्षति भएको छ।

आगलागीबाट ६ वटा पसल पूर्णरुपमा जलेर नष्ट भएका छन् । आगलागीबाट सिटी मार्केट भित्र रहेको हजारी साह र विवेक चौधरीले संचालन गरेको कपडा पसल पूर्ण रुपमा नष्ट भएको छ भने अनिल साह, मोहम्मद सुबराति, मुनुलाल प्रसाद रौनियार र अन्जनी प्रसाद चौरसियाको कपडा पसल समेत पूर्ण रुपमा जलेको छ । अनिल साहले संचालन गरेको कपडा पसलमा विद्युत सर्ट भई आज विहान आगलागी भएको अनुमान प्रहरीले गरेको छ।

आगो किन र कसरी लाग्यो ? भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आगलागी जीतपुरसिमरा उपमहानगरपालिका, वीरगञ्ज महानगरपालिका र नेपाल आयल निगमको गरी ३ वटा दमकल, सुरक्षा निकाय र स्थानीय बासिन्दाको प्रयासमा नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय जीतपुरले जनाएको छ।

बिहान ७:३० बजे लागेको आगो ९ बजे नियन्त्रणमा आएको थियो । समयमै आगो नियन्त्रणमा लिईएकाले ठूलो क्षति हुन बाट जोगिएको प्रहरीले जनाएको छ।

## निलगाईले बाली सखाप पार्नथालेपछी रातभरि जाग्राम

# कुनै सरकारले बुझ्नेनन् किसानको समस्या

रौतहट २९ माघ।

निलगाई अर्थात घोडगदहाको कारण रौतहटको सैकडौं किसान सास्ती खेप्न बाध्य भएका छन् । बर्षोदेखी ठुलो चुनौतीको रूपमा रहेको निलगाईको बथानले क्षति गर्न थालेपछि नगदेबालिको रूपमा हुनेगरेको धनिया खेती किसानले गर्न छोडेका छन् । दर्जनौं को संख्यामा राती राती आउने निलगाईले बालिनालि सखाप गर्न थालेपछि किसानहरु रातभरि टिन ठटाएर जाग्राम बस्न बाध्य भएका छन् पछिल्लो दुई दशक देखि निलगाईले किसानले लगाएको तरकारी बाली,धनिया,मकै,उंखु लगायत विभिन्न बाली समेत खाईदिने गरेकाले रौतहटका किसान समस्यामा परेका छन् ।

वर्षभरिको मिहिनेत पसिनाले लगाएको मकै र उंखुबाली निलगाईले सिधाउन थाल्दा जीवन यापनमै समस्या हुने पीडित किसानहरु ले दुखेसो पोखेका छन् । निलगाईले अन्नबाली,तेलहनबाली का साथै मकैबाली र नर्सरीमा आँप,लिची,लगायत बिरुवामा समेत क्षति गरिरहेको किसान पीडित किसान ले जानकारी दिए । बढ्दो निलगाईको कारण नदि किनारमा खेत भएका किसानले पछिल्लो एकदशक भन्दा बढी समयदेखि धनिया खेती छोडेका छन । एकदशक अघिसम्म ठुलो परिमाणमा धनिया उब्जाउने किसान अहिले मसलाको लागि बजारबाट किनेर ल्याउनु पर्ने बाध्यता भएको छ । कटहरिया १ भसेढवाका किसान शषिभुसन उपाध्यायले प्रत्येक वर्ष कम्तीमा १० क्विण्टल धनिया उब्जाउँथे । उनिमात्र होइन एकदशक अघिसम्म कटहरिया,बडेरवा,हर्षाहा,भसेढ्वा,फतुवा,मर्यादपुर लगायत दर्जनौं गाउँका किसानहरु ठुलो परिमाणमा धनिया उब्जाउने गरेको कटहरिया ४ का वडा अध्यक्ष चन्दन कुश्वाहाले बताउँछन् । तर ठुलो संख्यामा रहेका निलगाईले खोजीखोजी धनियाबाली सखाप पार्न थालेपछि पीडित किसानले धनिया खेतिगर्न छोडेको कुश्वाहाले गुनासो गरेका छन् । दिनभरी लालबकैया नदिकिनार उंखुघारी र कांसघारी खरौडिमा बस्ने राती राती झुन्डमा आउने निलगाईले गाउँ छेउमा किसानले लगाएको अन्नबाली,तरकारी बालिमा समेत क्षति गरिरहेको एकजना स्थानीय किसानले गुनासो गरेका छन् । बर्षदेखी निलगाईले जिल्लाका प्राय सबै स्थानीय तहका किसानले लगाएको बालिमा क्षति पुर्याउने गरेका छन् । निलगाईको लागि नदि खोलाहरु सुरक्षित बाँस स्थान बनेको छ । जिल्लाको पश्चिममा लालबकैया पुर्वमा बागमती नदिकिनार काँसघारी र उख्ुघारिमा दिनभरी बस्ने र राती राती ठुलो झुन्डमा गएर बालिमा क्षति गरिरहेको किसान हरुले बताएका छन ।निलगाईले बर्षेणी बच्चा जन्माउने गर्नाले दिन प्रति दिन संख्या बढदै गएको छ । निलगाईको कारण फतुवा बिजयपुर, कटहरिया, मौलापुर,देवाही गोनाही,गुजरा लगायत जिल्लाको प्रायः सबै स्थानीय तहका किसानहरु ठुलो समस्यामा परेका छन् । निलगाई नियन्त्रणको लागि स्थानीय निकाय,स्थानीय प्रशासन लगायतलाई पटकपटक जानकारी गराउँदा पनि कुनै वास्ता नभएको किसानहरुले दुखेसो पोखेका छन।

डिभिजन बन कार्यालय रौतहटका प्रमुख सुनिल कुमार कर्णले निलगाईलाई मार्नु अथवा क्षति पुर्याउनु कानुनी अपराध हुने बताउँछन् । निलगाईले बाली क्षति गरेपछि पीडित किसानले नियमानुसार बन कार्यालयमा उजुरी दिन आएमा राहत अथवा कानुन बमोजिम क्षतिपूर्ति दिने ब्यवस्था सरकारले गरेको प्रमुख कर्णले जानकारी दिए।

देशमा संघीयता लागू भएपछि प्रदेश तथा स्थानीय तहको दोस्रोपटक निर्वाचन भैसकेको छ भने पहिलो जनप्रतिनिधिको कार्यकाल सकेर दोस्रोको कार्यकाल सुरुभएको छ ।तर दुई दशक भन्दा बढिदेखिको निलागाई नियन्त्रण अथवा किसानको समस्या समाधान गर्न स्थानीय निकाय,प्रदेश तथा संघको प्रतिनिधित्व गर्ने कुनैपनी जनप्रतिनिधिले चासो नलिएको देखिएको छ।

# दुश्मनी साध्न अख्तियारमा उजुरी दिएको खुलासा

मधेशदृष्टि
वीरगंज, २९ माघ।

भ्रष्टाचार र अनियमितता गर्नेहरु विरुद्ध कारवाही गर्नु भन्दा पनि अधिकांशले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दुश्मनी साध्ने र दुःख दिने उद्देश्यले उजुरी दिएको खुलासा भएको छ । पर्सा जिल्लाका स्थानिय तह तथा सरकारी कार्यालयमा खुलेयाम भ्रष्टाचार भई रहेको र दैनिक रुपमा अख्तियारमा उजुरी समेत परि रहेका छन । तर कतिपय उजुरीहरु दुःख दिने र दुश्मनी साध्न हाल्ने गरेको सघन सहरी तथा भवन निर्माण कार्यालय वीरगन्जमा कात्तिक २८ मा गते अख्तियारमा परेको एउटा उजुरीले पुष्टि भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय हेटौंडाबाट सघन सहरी तथा भवन निर्माण कार्यालय वीरगन्जमा आएको एउटा पत्रमा विश्व बैंकको लगानीमा वीरगन्जमा निर्माण भएको सडक निर्माणमा अनियमितता भएको उजुरी परेकाले कार्यालयको राय प्रतिक्रिया माग गरिएको थियो।

तर, वीरगन्जमा विश्व बैंकको लगानीमा कुनै सडक निर्माण भएकै छैन। चालु आर्थिक वर्षमा मात्र सघन सहरी तथा भवन निर्माण कार्यालयले अख्तियार र जिल्ला प्रशासनबाट गरी यस्ता ३० वटा पत्र पाएको कार्यालय प्रमुख झपटबहादुर थापाले बताएका छन।

पत्र आएपछि कार्यालयले आफ्नो लिखित राय प्रतिवेदन पठाउनु पर्ने र त्यसपछि कार्यालय प्रमुखलगायत अन्य कर्मचारीले उजुरीबारे अख्तियार कार्यालय धाएर बयान दिन जानुपर्ने हुन्छ। आफ्नो स्वार्थ पूरा नभएका व्यक्ति तथा ठेकेदारहरूले सम्बन्धित आयोजनाका ठेकेदार तथा अन्य सरोकारवालालाई हैरानी दिन उजुरी दिने प्रवृत्ति बढदै गएपछि अहिले सरकारी कार्यालयका कर्मचारीहरु अख्तियार धाइराख्नुपर्ने अवस्था सिर्जना भएको छ।

स्थानिय तहमा जनप्रतिनिधिलाई कमिशनको चककर, ठेकेदार ठेकेदारविचको लडाई, उपभोक्ता समितिको होडबाजीको कारण गुणस्तरहिन विकास निर्माणका कामहरु हुने गरेको भए पनि उजुरी भने व्यक्तिगत प्रतिसोधका पर्ने गरेका छन।

हुदै नभएका विकास निर्माणका काममा समेत अनियमितता भएको अख्तियारमा उजुरी परे गरेको हुँदा प्रतिसोधपूर्ण तरिकाले उजुरी दिनेलाई अख्तियारले कारवाही नगर्दा समस्या बढदै जाने देखिएको छ।

# सहमति अनुसार राष्ट्रपति एमालेकै उम्मेदवार : उपमहासचिव गुरुङ




मधेशदृष्टि
वीरगंज २९ माघ।

नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले सरकार गठनको बेला भएको सहमति अनुसार राष्ट्रपति एमालेको उम्मेदवार नै बन्ने दाबी गरेका छन ।

प्रेस चौतारी नेपालको आइतवार वीरगंजमा आयोजित संगठन सुदृढीकरण कार्यशालाको उद्धाटन गर्नु हुदै उपमहासचिव गुरुङले पुस १० मा सत्तागठबन्धन दल बिच भएको सहमति अनुसार राष्ट्रपति एमालेकै बन्ने र यसमा तलमाथि नहुने बताए।

उनले राष्ट्रपतिको निर्वाचन पछि सत्तागठबन्धन टुट्ने हल्ला हौवा मात्रै भएको बताउदै माओवादी केन्द्रको हालैको बैठकले पनि एमाले सहितको राष्ट्रिय सहमति खोज्ने निर्णय गरेकाले सत्तागठबन्धनबाट एमालेले अगाडि सार्ने उम्मेदवार नै राष्ट्रपति बन्ने दावी गरे।

उनले सत्ता गठबन्धन तथा दल बाहिरको व्याक्तिलाई राष्ट्रपति बनाउने कुरा एमालेलाई स्वीकार्य नहुने पनि प्रष्ट पारे।

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री समेत रहनु भएका गुरुङले राष्ट्रिय स्वतन्त्र पार्टीलाई पुन सरकारमा फर्काउने, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ती पार्टीलाई पनि सरकारमा सामेल गराउने तयारी भइरहेको बताए। गुरुङले सुदूरपश्चिम प्रदेशमा फेरि एमालेकै सरकार बन्ने परिस्थिती बन्दै गएको बताए।

प्रेस चौतारीका केन्द्रिय अध्यक्ष गणेश बस्नेतको अध्यक्षतमा आयोजित उद्धाटन सत्रलाई एमाले केन्द्रिय सदस्य अरविन्द सिंह , जिल्ला अध्यक्ष जय प्रकाश थारु, प्रेस चौतारीका पर्सा अध्यक्ष श्याम बन्जारा लगायतले सम्बोधन गरेका थिए।

# संसदमा भएको अमर्यादित व्यवहार विरुद्ध राप्रपा पर्साद्धारा विरोध प्रर्दशन

मधेशदृष्टि
वीरगंज, २९ माघ।



राष्ट्रिय प्रतान्त्र पार्टी जिल्ला कार्य समिति पर्साले संसदमा राप्रपाका सांसद तथा वरिष्ठ नेताहरुले संवैधानिक राजतन्त्र र हिन्दु राष्ट्रका बारेमा कुरा उठाउदा विपक्षी सांसदहरुले अमर्यादित व्यवहार गरेको भन्दै आइतवार वीरगंजको घण्टाघरमा विरोध सभाको आयोजना गरेको छ।

विरोध सभामा पार्टीका केन्द्रिय सदस्य तथा नेताहरुले अभिव्यक्ति स्वतन्त्रताको हनन् गरिएको भन्दै आफूहरु सोको विरुद्धमा कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन । पार्टीका पूर्व केन्द्रिय सदस्य विश्वनाथ साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व जिविस सभापति शम्भु चौरसिया, पूर्व केन्द्रिय सदस्य बाबुलाल शर्मा, जिल्ला उपाध्यक्ष अबधकिशोर साह, पवन प्रसाद साह, चन्द्रिका सहनी, राजेश गुप्ता, विजय पासवान, अर्जुन सिंह ठकुरी, पृथक घिमिरे, रोशन यादव, कल्याण बहादुर हाडा लगायतका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो।




# रौतहटमा दुधको मुल्य बढाउन माग

मधेशदृष्टि
वीरगंज, २९ माघ।

रौतहटका किसानले दूधको मूल्य बढाउन माग गरेका छन् । उचित मूल्य नपाएको भन्दै रौतहट दुग्ध उत्पादक सहकारी संघले दुधको मुल्य बढाउन माग गरेको हो।

संघले सोमवार फागुन १ गते देखि दूधको मूल्य बढाउनुपर्ने माग गर्दै मूल्य नबढाएमा डेरी उद्योगीहरूसँगको समन्वयमा आफै मूल्य घोषणा गरिने चेतावनी दिएको छ।

रौतहट दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष श्रीकृष्णप्रसाद अधिकारीले आइतवार पत्रकार सम्मेलनको आयोजना गरी किसानले दूधको उचित मूल्य नपाएको भन्दै दूधको मूल्य अविलम्ब बढाउन माग गरे।

हाल वैदेशिक रोजगारबाट फर्किएका युवा व्यावसायिक पशुपालन गरी दुग्ध उत्पादन क्षेत्रमा अघि बढिरहेकाले यसमा आकर्षित गराई देशलाई दूधमा आत्मनिर्भर बनाउन सकिने अधिकारीले बताए।

पशुपालनमा युवालाई आकर्षित गर्न समेत दुधको मूल्य वृद्धि गर्न अपरिहार्य भइसकेको उनले बताए।

रौतहटमा हालसम्म ४६ ओटा सहकारीले दुग्ध उत्पादनसम्बन्धी काम गर्दै आएका छन् । यहाँ दैनिक ३२ हजार लिटरभन्दा बढी दूध उत्पादन भइरहेको रौतहट दुग्ध उत्पादक सहकारी संघको तथ्यांक रहेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल